
'अग्गमहासद्धम्मजोतिकधज'

# भिक्षु अश्वघोष महास्थविर



'006/N10

लेखक
रत्नसुन्दर शाक्य

प्रकाशक
युवा बौद्ध समूह

Downloaded from http://www.dhamma.digital

अग्गमहासद्धम्मजोतिकधज

# भिक्षु अश्वघोष महास्थविर


लेखक

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्म पालक"


Dhamma.Digital


प्रकाशक

युवा बौद्ध समूह

काठमाडौं


Downloaded from http://www.dhamma.digital

**प्रकाशक**:
युवा बौद्ध समूह, काठमाडौं ।

**कभर डिजाइनर**:
भिक्षु संघरक्षित "सद्धम्म कोविद"
(४-२१६०११)

**प्रथम संस्करण**: १००० प्रति मात्र ।

बुद्धसम्वत् - २५४९
नेपालसम्वत् - ११२६
विक्रमसम्वत् - २०६२
ईश्वीसम्वत् - २००५

कम्प्यूटर सेटिङ्ग:
**कान्तिपुर कम्प्यूटर्स**
काठमाडौं, नेपाल ।
फोन नं. ४२८१४३६

**मुद्रक**:
प्रिन्ट स्काई
भुरुंगखेल, काठमाडौं ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



भिक्षु अश्वघोष महास्थविर

Downloaded from http://www.dhamma.digital

# मेरो मनको कुरा

भक्तपुरका श्री रत्नसुन्दर शाक्य राष्ट्रिय र अन्तर्राष्ट्रिय बुद्धधर्मावलम्बी व्यक्तित्वको प्रतिभा बारेमा लेख्ने नवोदित लेखक हुनुहुन्छ । उहाँले मेरो जीवनीसम्बन्धी पनि पुस्तक लेख्नुभएको रहेछ । आफ्नै बारेमा लेखेको पुस्तक हेर्न, पढ्न पाउँदा खुशीको अनुभव हुनु त स्वभाविकै हो ।

योभन्दा पहिले मेरो आफ्नै चेला भिक्षु संघरक्षितले पनि मेरो जीवनीसम्बन्धी पुस्तक अन्वेषणको रूपमा लेखेर छापिदिएको छ । तर अहिले रत्नसुन्दर शाक्यले लेखिएको मेरो जीवनीमा भिक्षु संघरक्षितले लेखिएको पुस्तकमा नभएका कयौं ऐतिहासिक घटनाहरू उल्लेख भएको पाएँ । मैले बिर्सिसकेको कुरा यसमा समावेश भएको पाएँ ।

रत्नसुन्दरले आफ्नै ढंगमा मेरो जीवनीको घटना लेखिएको हुँदा मलाई औधी खुशी लागेको छ । तसर्थ उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । उहाँको यस्तो व्यक्तित्व-प्रतिभाबारेमा निरन्तर लेखनशक्ति उन्नतिहोस् र उहाँको आयु आरोग्य होस् भनी शुभकामना प्रकट गर्दछु ।

१३ आश्विन २०६२
११ यँलागा ११२५


भिक्षु अश्वघोष महास्थविर
श्रीघः विहार,
नःघल टोल, काठमाडौं ।
फोन नं ४-२५९११०


Downloaded from http://www.dhamma.digital

# आफ्नो कुरा

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थानको ७-८ दशकको इतिहासमा यसको प्रचार-प्रसारार्थ लाग्नुभएका ज्येष्ठ भिक्षुहरूको जीवनी लेख्ने क्रममा भिक्षु अश्वघोष महास्थविरको जीवनी पनि पुस्तिकाको रूपमा प्रस्तुत गर्न पाएको मा अति हर्षित छु ।

नेपालमा स्थविरवाद बुद्धधर्म प्रचार प्रसारार्थ छ दशकभन्दा बढी समयसम्म त्यागी (प्रव्रजित) जीवन बिताइसक्नुभएका ज्येष्ठ भिक्षुहरूको समूहमा भिक्षु अश्वघोष महास्थविरको बेग्लै पहिचान रहेको छ । उहाँको जीवनी अध्ययन गरिसकेपछि हामीलाई अवगत हुन्छ - उहाँ पनि राणाकालमा कलिलो उमेरमै प्रव्रजित भई श्रीलंका जस्तो स्थविरवाद बुद्धधर्मको एक प्रमुख केन्द्रको रूपमा रहेको देशमा ८ वर्ष र भारत - जहाँ सदियौंसम्मको बुद्धधर्मको लोपपश्चात् भरखर पुनर्जागरण भएको देशमा अध्ययनार्थ ८-९ वर्ष बिताइसक्नुभएका व्यक्ति हुनुहुन्छ । यसै अवधिभित्रमा उहाँ दुइपटक साम्यवादी (गणतन्त्र) देश चीनमा पनि डेढ-दुई वर्ष रहिसकेको कारण त्यसको पनि प्रभाव उहाँमा पर्नु स्वाभाविकै थियो ।

वि.सं. २०१७-१८ सालदेखि स्वेदशमा आई कयौं संघ-संस्थामा आबद्ध भई युवा जोशका साथ धर्मप्रचार गर्दै आउनुभएको उहाँमा देशको परिस्थिति, आमजनताको आर्थिक स्थिति, अनेक मानवीय स्वभाव आदि - घर-घरमा भोजन निमन्त्रणामा जाने भिक्षुले सजिलै अवगत गर्न सकिने नै भयो ।

यसैको फलस्वरूप उहाँका कृतिहरूको विशेषता शुरू भयो - "बुद्धया अर्थनीति" बाट शुरू गरिएको उहाँका कृतिहरू क्रमशः मूल स्रोत (विशेषतः मज्झिमनिकाय ग्रन्थ) का सूत्रहरूको आफ्नै ढंगको अनूदित कृति पश्चात् अनेकौं विषयमा स-साना कृतिहरू सरल र बोधगम्य भाषाशैलीमा लेखिएको पाउँछौं जुन कृतिहरू प्रायः सबैजसो धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र उहाँ स्वयंले पनि कयौं प्रकाशित गरेका छन् ।

यस पंक्तिका लेखकले १२-१३ वर्षअगाडि "धर्मोदय" मासिक पत्रिकामा

Downloaded from http://www.dhamma.digital

प्रकाशित उहाँका १९-२० वटा जति लेखहरू संकलन गरिराखेको थिएं । तीमध्ये १० वटा रोजी "मनू म्हसीकेगु गय् ?" (एक लेखकै नामबाट) सम्पादन गरी भक्तपुरका एक वृद्ध उपासक स्व. लालवज्र वज्राचार्यको पुण्यस्मृतिमा उहाँका पुत्रहरूको तर्फबाट प्रकाशित गराएको थिएँ ।

आफ्नो संकलनमा रहेका उहाँका बाकी लेखहरू उहाँलाई नै बुझाइदिएँ, उहाँले सोही वर्ष (वि.सं २०५० साल) मै ती बाकी लेखहरूमा ८ वटा राखी "संस्कृति" (एक लेखकै शिर्षकनाम) को रूपमा स्व. नीलरत्न तुलाधरको पुण्यस्मृतिमा उहाँको परिवारले प्रकाशन गरिदिएको थियो ।

यस पंक्तिका लेखकले भिक्षु अश्वघोष महास्थविरको बारेमा चर्चा गर्ने मौका "युवा बौद्ध समूह" कै संयोजकत्वमा प्रकाशित नेपालभाषा दैनिक "सन्ध्या टाइम्स" को "सम्यक् चिन्तन परिशिष्टांक" मा छ वर्षअगाडि ५ जेठ २०५६ का दिन प्राप्त गरिरएको थियो त आज पुनः युवा बौद्ध समूहकै तर्फबाट नेपालीभाषामा उहाँको जीवनी पुस्तिकाको रूपमा प्रकाशित गर्न पाएबाट समूहप्रति कृतज्ञ छु ।

"अग्गमहासद्धम्म जोतिकधज" - भिक्षु अश्वघोष महास्थविरको यस जीवनीलेखनकार्यमा यस पंक्तिका लेखकले डेढ वर्षअगाडि नै सिध्याई अझ प्रा. सुवर्ण शाक्यको तर्फबाट भाषा संशोधनसमेत गराई समूहलाई बुझाएको थिएँ, तर युवा बौद्ध समूहका तत्कालीन अध्यक्ष शान्तरत्न शाक्य एवं अन्य पदाधिकारी मित्रहरूको व्यस्तताको कारण केही ढिलो भएपनि यस जीवनीलाई यहाँको समक्ष पुऱ्याउन सफल भएं ।

हाल ७८ वर्ष पार गरिसकेपनि बुद्धधर्म प्रचार-प्रसारको निमित्त अनवरतरूपमा लागिरहनुभएका भिक्षु अश्वघोष महास्थविरको यस संक्षिप्त जीवनीको अध्ययन-मननबाट कुनै एक जनाले मात्र भएपनि उहाँको कृति एवं गतिविधिबाट प्रेरणा लिई सद्धम्मकार्यमा सरिक भएमा लेखक एवं प्रकाशनको उद्देश्य सफल भएको सम्झन्छु ।

१७ आश्विन २०६२<br>
नागपोखरी, भक्तपुर - ४

**रत्नसुन्दर शाक्य**

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

बुद्धशासन चिरस्थायी रहुन् !
सद्धम्मप्रेमी स्वजनहरू !

सम्यक्सम्बुद्धको सु-आख्यात, सांदृष्टिक सत्यधर्म चिरस्थायी गरी राख्ने प्रयासमा कतिपनि कमी-कमजोरी कतैबाट पनि नआवोस् । सद्धम्मप्रेमी सबै स्वजनहरू तथागतप्रति प्रफुल्लित मनमा सधैं श्रद्धा र आस्था जगाएर बुद्धशासनको गहन अध्ययनलाई अभ्यासमा उतारी इमान्दारिताका साथ लागि परेमा यो धरतीमा बुद्धशासन चिरस्थायी रहिरहनेछ भन्ने हामीलाई लागेको छ ।

बुद्धधर्मलाई यान, वाद र स्वदृष्टिकोणभन्दा पर राखी बुद्धधर्म (बौद्धधर्म होइन) को मर्म र गहनतालाई हृदयंगम गरी अगाडि बढिरहने हो भने प्रत्यक्षानुभूति बुद्धशासनको सुस्वादको रसास्वादन हरेकले पाइरहने कुरामा शंका गर्नु अनुचित नै होला । मात्र हेरेर, सुनेर बस्ने होइन स्वद्वारा नै अनुभव गर्ने मूलद्वार यतत्र स्थापित गरी बुद्धको मूल शिक्षालाई अपनाई प्रचार-प्रसार गर्न सके शान्तिका पल्लवित पद्मपुष्पका लालिमाले सारा विश्व लालित्यपूर्ण भइरहने कुरामा आशावादी छौं ।

यही आशा र विश्वासका साथ श्रद्धेय धम्मानुशासक भिक्षु अश्वघोष महास्थविरले पूर्ण भिक्षुत्व ग्रहण गर्नुभएको ६० वर्ष पूरा भएको र जन्मले ७७ वर्ष पुग्नुभएको गरिमामय धर्मोपलक्ष्यमा युवा बौद्ध समूहद्वारा भन्तेको साहसिक धर्मयात्राको गौरवलाई हृदयंगम गरी वर्षभरि लामो अनेकौं कार्यक्रम गर्ने निधो गरेका थियौं । सोही कार्यक्रमअन्तर्गत भन्तेको एउटा संक्षिप्त जीवनी प्रकाशित गर्ने समूहको लक्ष्यअनुरूप जीवनीलेखनकार्यमा सिद्धहस्त

Downloaded from http://www.dhamma.digital

श्री रत्नसुन्दर शाक्य, भक्तपुरबाट लिखित "अग्गमहासद्धम्मजोतिकधज भिक्षु अश्वघोष महास्थविर" नामक यो संक्षिप्त जीवनी यहाँहरू समक्ष प्रस्तुत छ ।

प्रस्तुत जीवनीको पठनपाठनबाट भन्तेको बारे बढी ज्ञान हासिल हुनुको साथसाथै भन्तेद्वारा लिखित तथा प्रकाशित हालसम्मका सम्पूर्ण पुस्तक-पुस्तिकाको सूची क्रमबद्धढंगले यो पुस्तकमा समावेश गरिदिएको हुनाले भन्तेबारे बढी जानकारीप्राप्त हुने हामीलाई लागेको छ ।

अन्तमा, युवा बौद्ध समूहको स्थापनाकालदेखि नै धम्मानुशासक पदमा रहनुभई धम्मानुसासन गरिरहनुभएका भिक्षु अश्वघोष महास्थविरको प्रेरणादायी अनुशासन प्राप्त भई रहने नै छ भन्ने आशा एवं भरोसा राखेका छौं साथै उहाँ भन्तेको पूर्ण स्वस्थताको कामनाका साथै यो जीवनीलेखक तथा प्रकाशनमा सहयोग पुऱ्याउनुहुने सद्धम्मप्रेमी स्वजनहरूमा हामी हार्दिक कृतज्ञता तथा साधुवाद अर्पण गर्दछौं ।

साधु ! साधु ! साधु !

बु. सं. २५४९

युवा बौद्ध समूह

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको जीवनी उल्लेखित यो पुस्तकले श्रद्धेय भन्तेको प्रव्रजित जीवनका विभिन्न पक्षहरूलाई प्रकाश पार्ने काम भएको छ । पुस्तक लेखेर र धर्मप्रचारमा नै केन्द्रित उहाँबाट अरूहरूलाई पनि धर्म प्रचारमा प्रेरित गर्ने काम येथेष्ट भएको हामी पाउँछौं ।

संस्थागत रूपमा धर्मप्रचार गर्नसके अझै सशक्त हुने उहाँको विचारअनुसार धेरै संस्थालाई उहाँले धर्मप्रचार गर्न प्रेरित गर्नुभएको छ । यस्तै संस्थामा युवा बौद्ध समूह पनि एक हो । उहाँको धर्मानुशासकत्वमा युवा बौद्ध समूहले शासन अभिवृद्धिका निम्ति धेरै काम गर्न सफल भएको छ । उहाँकै मार्ग निर्देशनबाट युवा बौद्ध समूहले विभिन्न जनजाती समूहहरूलाई सहभागी गराई १० वटासम्म बौद्ध जागरण शिविरहरू सम्पन्न गर्न सफल भएको थियो । वि.सं. २०४६ सालपश्चात् तामाङ, मगर, थारू, गुरूङ जनजातीहरूमा बुद्धशिक्षा सिक्ने जागरण आएको र उनीहरूलाई साँच्चैका बुद्धका अनुयायी बनाउनको लागि बौद्धशिक्षाको जागरण-कक्षा संचालन गर्न श्रद्धेय भन्तेले तन, मन र धनले सहयोग गरेको कुराले युवा बौद्ध समूह श्रद्धेय भन्तेप्रति जहिले पनि ऋणी भइरहने छ ।

जागरण शिविरको काम प्रस्तावित भएदेखिनै उहाँले त्यसप्रति चासो राख्ने काम शुरू गर्न घच्घच्याउने, स्थानको व्यवस्था गर्ने, आवास, खानपिनको सम्पूर्ण व्यवस्थामा आफ्नै सक्रियता देखाउनु हुन्थ्यो । उहाँको त्यस सक्रियताकै कारणले जनशक्ति कम भएतापनि युवा बौद्ध समूहले धेरै पटक जनजाती प्रशिक्षण कार्यक्रम सम्पन्न गर्न सफल भएको हो ।

उहाँले ध्यानकुटी विहार, बनेपा र संघाराम विहार, काठमाडौंमा

Downloaded from http://www.dhamma.digital

१० दिवसीय देखि १ दिवसीय बौद्ध जागरण प्रशिक्षण कार्यक्रम सम्पन्न गर्न पुऱ्याउनुभएको योगदान स्वरूप आज नेपालका विभिन्न जनजातीहरूमा हामी बौद्ध हौं भन्ने चेतनाको अभिवृद्धि भएको छ ।

धर्म प्रचारमा लाग्ने संस्थाहरूका पदाधिकारी र सदस्यहरू धार्मिह हुन सक्नुपर्छ भनेर उहाँले युवा बौद्ध समूहका सदस्यहरूका लागि समय समयमा धार्मिक कक्षा लिनुभएको थियो । उहाँका ती विभिन्न सद्‌गुणहरूलाई हृदयंगम गरी युवा बौद्ध समूहले उहाँको ६० औं प्रव्रजित वर्ष र ७७ औं आयु वर्षको् उपलक्ष्यमा एक वर्षसम्म विभिन्न धार्मिक जागरणका कार्यक्रमहरू सम्पन्न गरेको थियो ।

यसै क्रममा उहाँको जीवनी पनि प्रकाशित गर्ने निधो भएकोमा विभिन्न कारणवश समयमै सम्पन्न गर्न सकिएन । ढिलै भए पनि उहाँको यो जीवनी पुस्तिका पाठकहरू सामु प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

उहाँले युवा बौद्ध समूहलाई लगाएको गुणप्रति कृतज्ञ भई थेरवाद बुद्धशासनको अमूल्य निधिका रूपमा रहनुभएका उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गरी शासनिक काममा निरन्तर लाग्न सकोस् भन्ने कामना गर्दछु ।

धेरै मेहेनत गरेर रचना गर्नभएका जीवनी लेखनका सिद्धहस्त यस पुस्तकका लेखक रत्न सुन्दर शाक्यज्यूमा पनि हार्दिक आभार प्रकट गर्दछु । साथै पुस्तक मुद्रण गर्न व्यवस्था गर्नुहुने श्रद्धेय भिक्षु संघरक्षित प्रति कृतज्ञ र समयमै पुस्तक छापिदिनु भएकोमा प्रिन्ट स्काइ प्रेसलाई पनि धन्यवाद प्रकट गर्दछु ।

२०६२ पुष १ गते

त्रिरत्न मानन्धर
अध्यक्ष
युवा बौद्ध समूह

Downloaded from http://www.dhamma.digital

"अग्गमहासद्धम्मजोतिकधज"

# भिक्षु अश्वघोष महास्थविर

नेपालमा २० औं शताब्दीको प्रारम्भमा स्थविरवाद बुद्धधर्मको पुनरुत्थान भएको हो । यस पुनरुत्थानको प्रथम श्रेय मैट्रिक पास भएपश्चात् कलकत्तामा वाणिज्य-शास्त्र अध्ययन गर्न पुगेका पाटन (ललितपुर) का एक शाक्यपुत्र श्री जगतमान् वैद्य (धर्मादित्य धर्माचार्य) लाई रहेको छ जसले त्यसताका कलकत्तामा नजरबन्दरूपमा रहँदै आउनुभएका श्रीलंकाका अनगारिक धर्मपाल (भारतमा बुद्धधर्मका पुनरुद्धारक) सित घनिष्ठ सम्पर्क राख्दै, उहाँकै प्रेरणाअनुरूप धर्मप्रचारार्थ विभिन्न संघ/संस्था एवं पत्रिकाहरूको प्रकाशन गरी पालिभाषा एवं साहित्यको जानकारी विशेषत: "बुद्धधर्म" (बु.सं. २४६९ को वैशाखपूर्णिमादेखि शुरू) पत्रिकामार्फत् नेपाली जनताहरूलाई अवगत गराउनुभएको थियो ।

धर्मादित्य धर्माचार्यपछि बुद्धधर्मको पुनर्जागरणको क्रममा तिब्बतबाट नेपाल आउनुभएको क्यान्छ्या लामाको उपदेशबाट प्रभावित भएका कान्तिपुर (काठमाडौं) चिकंमुगलका एक श्रद्धालु प्रेमबहादुर (नानिकाजी) श्रेष्ठको देन रहन गएको छ । उनले लामाको उपदेशमा श्रद्धा राखी पछि केरुङ्गसम्म पुगी महायानीपरम्परानुसार प्रव्रजित भए र त्यसपछि आफूसित संलग्न भएका अन्य ४ जना (महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति) प्रव्रजितभएकाहरूका साथ राणाप्रधानमन्त्री श्री ३ चन्द्रशम्शेर (राज्यकाल, सन् १९०१-२९) को शासनकालमा निर्वासित भई भारतको यत्रतत्र रहेपश्चात् ल्हासा पुगी कुलमानसिंह वैद्य (पछि भिक्षु प्रज्ञानन्द महास्थविर) लाई आफ्नै



Downloaded from http://www.dhamma.digital

बाटोमा लगाई उहाँको तर्फबाट नेपालमा स्थविरवाद बुद्धधर्मको प्रचार-प्रसार गर्न लगाई आफूले निर्वासितरूपमै भिक्षुत्व जीवन बिताए ।

भिक्षु महाप्रज्ञापश्चात् सोको श्रेय (बुद्धधर्म पुनरुत्थानको विशेष श्रेय) पाल्पा-तानसेनका एक युवक लालकाजी शाक्यको रहेको छ । उनले २ अगष्ट १९३६ का दिन बुद्धको परिनिर्वाणस्थल कुशीनगर पुगी त्यहाँस्थित भिक्षु ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा "श्रामणेर अमृतानन्द" भई उहाँकै आदेशानुसार कालिम्पोङ्ग पुगी उनले भिक्षु महाप्रज्ञाको छत्रछायामा रही स्थविरवाद बुद्धधर्मको अध्ययन शुरूगरेका थिए । त्यसपछि उहाँ बर्मा (म्यानमार) एवं श्रीलंका पुगी २५ जनवरी १९४० का दिन "भिक्षु अमृतानन्द" भई केही वर्षको अध्ययनपश्चात् स्वदेश आगमन गर्नुभई बडो साहसका साथ (निर्भीकरूपमा) विभिन्न तवरबाट स्थविरवाद बुद्धधर्मको प्रचार प्रसार गरे ।

यहाँ उहाँकै एक प्रमुख शिष्यको जीवनी प्रस्तुत गरिन्छ जसले ६० वर्षको धर्ममयजीवन बिताउनुभएको छ । उहाँ हुनुहुन्छ - भिक्षु अश्वघोष महास्थविर ।

उहाँको जन्म ने.सं. १०४७ तछलाथ्व १३ तदनुसार वि.सं. १९८४ जेष्ठ ३१ का दिन ललितपुरको ओकुबहालमा पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यको कनिष्ठ पुत्रको रूपमा भएको थियो ।

बाल्यकालमा केही चञ्चलपन र लुच्चापन रहेको भएतापनि उहाँलाई अध्ययनमा पनि त्यतिकै लगाउन खोजिएको कुरा उहाँलाई ३/४ वर्षको अवधिमा ३/४ ठाउँमै अध्ययन गराइएको बाट पनि



Downloaded from http://www.dhamma.digital

स्पष्ट हुन्छ । त्यो अध्ययनकाल स्कूलजीवन नभई पाठशाला वा गुरुकुलअनुरूपको शिक्षा थियो । त्यसताकाको अध्ययनकाललाई स्कूलजीवन वा विद्यार्थीजीवन भन्न नसकिने कुरा उहाँ आफैले उल्लेख गर्नुभएको छ ।

माता-पिताको तर्फबाट "बुद्धरत्न" नाम राखिएका उहाँलाई विशेषत: आमा लक्ष्मीमाया शाक्यको जोड (जिद्दी) ले ११/१२ वर्षको उमेर मै दाजु चन्द्रदेवको विवाहसँगै उनको पनि विवाह गरिदिइएको थियो ।

आश्चर्यको कुरा, सोही आमाले पुत्र बुद्धरत्न शाक्यलाई आफ्नै स्वभावअनुरूप धार्मिक प्रवृत्तिमा लगाइएको मात्र नभई प्रव्रजित हुनसमेत प्रेरणा दिएकी थिइन् । शुरूमा महायानीपूजापाठमा लागेकी लक्ष्मीमाया शाक्य पछि स्थविरवाद बुद्धधर्ममा आकर्षितभएकी थिइन् । सो को हेतु वा प्रसंगबारे उहाँ (भिक्षु अश्वघोष) उल्लेख गर्नुहुन्छ -

"छन्हु भिक्षु छम्ह (भिक्षु प्रज्ञानन्द) हाकुसे च्वंगु पात्र (गुल्पा:) छग: ज्वना: भिक्षा का:बिज्यात । मांया दृष्टि उम्ह शान्तमूर्तिपाखे वन । छन्हु व भिक्षुयात छेँय् हे निमन्त्रणयाना: भोजन दान बिल, धर्म खँ नं न्यन । उबलय् निसें जिमि मामं थेरवादी शासनया प्रति प्रगति यानायंकल । जित: लुमंनि उकुन्हु मांया ल्यू ल्यू जिनं वनागु ।"

उपर्युक्त घटना वि.सं. १९९६/९७ सालको कुरा हो । भिक्षु प्रज्ञानन्द (प्रव्रजित - वि.सं. १९८७) को शान्त र सौम्य व्यवहार एवं सुमधुर उपदेशबाट प्रभावित हुनुभएकी लक्ष्मीमाया शाक्यले आफ्नो कनिष्ठ पुत्र बुद्धरत्न शाक्यलाई स्थविरवाद बुद्धधर्ममा समर्पित गर्न चाहिन् । यसमा संलग्न हुनुमा बुद्धरत्नको पनि आफ्नै मनसाय (इच्छा) थियो ।



Downloaded from http://www.dhamma.digital

अतः बुद्धरत्न शाक्यको सम्पर्क आफ्नो घरनजिक रहेको यमंगल विहार (पछि सुमंगल विहार) मा हुँदै गयो । त्यसताका सो विहारमा श्रामणेर प्रज्ञारश्मि (प्रव्रजित - वि.सं. १९९६ वैशाख पूर्णिमाका दिन प्रव्रज्या गुरु - भिक्षु महाप्रज्ञा) रहँदै आउनुभएको थियो । अतः बुद्धरत्न शाक्यले सर्वप्रथम श्रामणेर प्रज्ञारश्मिसित सत्संगत गर्नुभएको थियो । पछि उहाँलाई आमा लक्ष्मीमाया शाक्यले भिक्षु धम्मालोक र भिक्षु अमृतानन्दको जिम्मामा सुम्पिदिइन् ।

बुद्धरत्न शाक्य गृहस्थवेशमै विशेषतः भिक्षु अमृतानन्दका साथ एक डेढ वर्ष किन्डोल विहारमा रहिसक्नुभएको थियो । अतः त्यसताका (वि.सं. २००० को मंसिर शुक्ल सप्तमी, शनिवारका दिन) बनेपामा सम्पन्न भएको भिक्षु-संघद्वारा अहोरात्र "महापरित्राणपाठ" को आयोजना भएको ठाउँमा उहाँ पनि भिक्षु अमृतानन्दका साथ त्यहाँ पुग्नुभएको थियो ।

यसको महिनादिनपछि भिक्षु अमृतानन्दले बुद्धरत्न शाक्यलाई आफूसँगै कुशिनगर लगियो र वि.सं. २००० सालको पौष (जनवरी, १९४४) मा त्यहाँस्थित भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को आचार्यत्वमा "श्रामणेर" गराइयो र उहाँको नाम "अश्वघोष" राखियो ।

भिक्षु अमृतानन्दले श्रामणेर अश्वघोषलाई सर्वप्रथम हिन्दी भाषाको ज्ञान दिलाउने हेतु कुशिनगरस्थित श्रामणेर धर्मरक्षित (प्रव्रजित- सन् १९४२) को जिम्मामा छोडिदिएको थियो ।

यसको केही महिनापछि संयोगवश भिक्षु धर्मरक्षित (उपसम्पन्न २१ जुलाइ १९४४, कुशिनगर) बुद्धधर्म अध्ययनार्थ श्रीलंका जाने प्रबन्ध हुनगएबाट श्रामणेर अश्वघोषलाई मर्का पर्ने देखिएबाट



Downloaded from http://www.dhamma.digital

उहाँको पनि त्यसतर्फ जाने प्रबन्ध मिलाइएको थियो । त्यसबेलाको स्मृतिलाई भिक्षु धर्मरक्षितले यसप्रकार उल्लेख गरिराख्नुभएको छ -

"उस समय महापरिनिर्वाणविहार कुशीनगरमें हम चार जने रहते थे । नेपालका श्रामणेर अश्वघोष अभी-अभी (जनवरी, १९९४) प्रव्रजित हुआथा और मेरे पास हिन्दी सिख रहाथा । सहसा मेरे लंका जानेकी बात सुनकर उसे बिजली सी लग गई । बात वैसी भी थी । मेरे लंका जाने के पश्चात् उसे पढानेवाला था ही कौन ?·अस्तु, अब कोई युक्ति करनी आवश्यक थी । हमारे गुरुभाइ भदन्त महानाम (नेपाली) जीने जो महामन्तिन्द परिवेण मे ६ वर्षो तक रहे थे - बोधिगुप्त (मार्च, १९४४ मा कुशीनगर आउनुभएका - महामन्तिन्द परिवेणका एक प्रमुख भिक्षु) जीके पास पत्र लिखा और बस, मेरे साथ अश्वघोष के लंका जानेका प्रबन्ध हो गया ।"

यसप्रकार उहाँहरू दुबैजना सँगै श्रीलंका पुगी (८ अगष्ट १९४४ को मध्यरात) भिक्षु धर्मरक्षित अढाई वर्ष बौद्धसाहित्य अध्ययन मनन गरी "त्रिपिटकाचार्य" भई श्रामणेर अश्वघोषलाई महामन्तिन्द परिवेणका प्रधानाचार्य एवं दक्षिण श्रीलंकाका संघनायक धर्मकीर्ति श्री धम्मावास नायक महास्थविर (सन् १८८८-१९४९) को छत्रछायामा रही पालिसाहित्य अध्ययन मनन गरी उहाँकै उपाध्यायत्वमा १ मई १९४९ का दिन उपसम्पन्न पनि हुनुभयो । यसको अढाई वर्षपछि नेपालमा सम्पन्न हुन लागेको "अग्रश्रावक अस्थिधातु-स्वागत-महोत्सव" मा सहभागी हुन भिक्षु अश्वघोषका साथै श्रीलंकामै बुद्धधर्म अध्ययनार्थ रहँदै आउनुभएका श्रामणेर कुमार पनि नेपाल आइपुगे । यसै अवसर मा पाल्नुभएका बर्मीभिक्षु ऊ. कोविद महास्थविरको उपाध्यायत्वमा श्रामणेर कुमार एवं विमलानन्द आनन्दकुटी विहारको सीमागृहमा



Downloaded from http://www.dhamma.digital

उपसम्पन्न भई "भिक्षु कुमारकाश्यप" र "भिक्षु विमलानन्द" हुनुभएको थियो ।

२२ नवम्बर १९५१ अर्थात् ७ मार्ग २००८ का दिन गौचरण हवाइअड्डामा श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११) कै हातबाट अग्रश्रावक अस्थिधातुको विदाइ गरेको केही दिनपछि श्रीलंकाबाट सँगै आउनुभएका उहाँहरू दुबैजना (भिक्षु अश्वघोष र भिक्षु कुमारकाश्यप) पुन: सँगसँगै अधुरो अध्ययन पूरा गर्न श्रीलंका फर्कनुभयो ।

यसपटक भिक्षु अश्वघोष केही महिनापश्चात् नै श्रीलंकाको अध्ययनकाल समाप्त गरी अप्रिल, १९५२ मा भारत फर्कनुभयो । उहाँले आफ्नो अध्ययन पुन: सारनाथको महाबोधि विद्यालयमा शुरू गर्नुभयो । मैट्रिक पासभएपश्चात् उहाँले आई.ए. "महाबोधि कलेज" बाट उत्तीर्ण गर्नुभयो र बी.ए. को अध्ययन उहाँले काशी - हिन्दू विश्वविद्यालयमा गर्नुभएको थियो ।

भिक्षु अश्वघोषले सारनाथ र बनारसमा रही अध्ययन गर्नु भएको ६ - ७ वर्षको अवधिभित्रमा केही देश-विदेशको यात्रा एवं अन्य केही घटनाहरूको पनि अनुभव गर्नुपरेको थियो, जुन यसप्रकार छ -

१. भिक्षु अश्वघोष श्रीलंकाबाट सारनाथ (ऋषिपतन मृगदावन) आइपुग्नुभएको ६ महिनापछि पुन: एकपटक हर्षोल्लासका साथ देश-विदेशका व्यक्तिहरूका साथ विशेष रेलयात्राबाट उत्तर प्रदेशबाट मध्यप्रदेशको यात्रा गर्न पुग्नुभएको थियो ।

बुद्धका अग्रश्रावकहरू सारिपुत्र र मौद्गल्यायन महास्थविरका पवित्र अस्थिधातु जुन सन् १८५१ देखि लन्डनको केन्सिङ्गटन



Downloaded from http://www.dhamma.digital



एशियाई भिक्षुहरुका
साथ चीनी गणतन्त्रका
प्रधानमन्त्री
चाउ-एन-लाइ ।
उहाँको दायाँ भदन्त
आनन्दको पछाडि
भिक्षु अश्वघोष

Downloaded from http://www.dhamma.digital

म्यूजियममा रहिसकेको (झण्डै एक शताब्दीसम्म) लाई भारत सरकार र महाबोधि सभाको विशेष पहलमा स्वदेश (भारत) फर्काउन पाइएको खुशियालीमा ती धातु भारतका विभिन्न भूभागहरूका साथै तिब्बत, बर्मा, नेपाल आदि देशका श्रद्धालुहरूलाई अवलोकन गराइसकेपछि स्थायीरूपमा धातु प्राप्तिस्थान साँचीमै एक विहार (चेतियगिरी विहार) निर्माण गरी त्यहीँ प्रतिष्ठापन गर्न एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो ।

२९ र ३० नवम्बर १९५२ का दिन भव्यरूपमा सांस्कृतिक समारोहकासाथ सम्पन्न गर्न लागेको सो धातु प्रतिस्थापन समारोह एवं अन्तर्राष्ट्रिय सम्मेलनको अवलोकनको निमित्त भिक्षु अश्वघोष पनि सारनाथबाट चीन, लद्दाख, भारत, बर्मा, नेपालका गरी २५/२६ जनाको समूह टोली २७ नवम्बरका दिन त्यस तर्फ प्रस्थान गरेको थियो ।

२९ नवम्बरका दिन तत्कालीन भारतका उपराष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णको सभापतित्वमा सम्मेलन सम्पन्नभएको थियो । ३० नवम्बरको दिन भव्य समारोहका साथ तत्कालीन प्रधानमन्त्री पं. जवाहरूलाल नेहरूको तर्फबाट नवनिर्मित विहार को समुद्घाटन गरी पवित्र अग्रश्रावक अस्थिधातु सो विहारमा प्रतिस्थापित गरिएको थियो ।

भिक्षु अश्वघोष सो महोत्सव अवलोकनको साथै उदयगिरि स्थलको अवलोकन गरी सारनाथ फर्कनुभएको थियो ।

२. जुनबेला भिक्षु अश्वघोष सारनाथको "महाबोधि विद्यालय" मा रही एस.एल.सी. जाँच दिनको निमित्त अध्ययन गर्दै रहनुभएको



Downloaded from http://www.dhamma.digital

थियो त्यसैताका उहाँलाई भिक्षु सुबोधानन्द (हाल नेपालका संघनायक महास्थविर) ले एक पत्र पठाउनुभएको थियो जुन पत्रमा उहाँकी आमा लक्ष्मीमाया शाक्यको निधनको खबर उल्लेख गरिएको थियो । उहाँकी आमा लक्ष्मीमाया शाक्य नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थानको क्रममा विशेष उल्लेखनीय (अग्रणी) उपासिका थिइन् जो आफ्नो पुत्रलाई मात्र बुद्धधर्ममा समर्पित गराउने भएकी थिइनन् आफ्ना दुइटा छोरी मनोहरदेवी र शोभालक्ष्मीलाई पनि आफै कुशीनगर पुगी भिक्षु ऊ. चन्द्रमणि महास्थविरकै तर्फबाट १० कार्तिक २००५ अर्थात् २६ अक्टोबर, १९४८ का दिन प्रव्रजित गराई "अनगारिका मागधी" र "अनगारिका माधवी" गराएकी थिइन्। उही उपासिका लक्ष्मीमाया शाक्यको ४ फागुन २००९ तदनुसार १५ फरवरी १९५३ का दिन निधन हुनगएबाट परिवारलाई मात्र होइन स्थविरवाद बुद्धशासनको निमित्त पनि आघात हुनगएको थियो । तसर्थ उहाँको निधनप्रति त्यसताका प्रायः सम्पूर्ण भिक्षु एवं अनगारिका, उपासकोपासिकाहरू श्मसानसम्म गई बौद्ध चरित्रानुसार सम्पन्न गराइएको अग्निसंस्कारकार्यमा सम्मिलित हुन आएका थिए । यी सम्पूर्ण कुराको व्यहोरा उल्लेख गरी पठाएको पत्र भिक्षु अश्वघोषले २० फरवरी १९५३ का दिन पाउनुभएको थियो ।

३. आमाको निधनको खबरबाट शोकाकुल हुनुभएका भिक्षु अश्वघोष सन् १९५३ को अप्रिलको अन्त (गर्मिबिदा) मा नेपाल आइपुग्नु भयो । नेपाल आइपुग्नुभएको दुई हप्तानै पूरा नहुँदै भिक्षु अश्वघोष आफ्नो गुरुवर भिक्षु अमृतानन्दको आदेशानुसार



Downloaded from http://www.dhamma.digital

२४९७ औं बुद्धजयन्ती (वैशाखपूर्णिमामहोत्सव) को निमित्त १४ मई १९५३ वा १ जेष्ठ २०१० का दिन पाल्पा तानसेनको निमित्त प्रस्थान गर्नुभएको थियो उहाँको साथै बाग्लुङ्को निमित्त भिक्षु अग्गधम्म ( वि.सं. २००१ सालमा राणासरकारबाट निष्कासित गरिएका भिक्षु श्रामणेरहरूमा एक) पनि सँगै जानुभएको थियो ।

भिक्षु अश्वघोष २४९७ औं वैशाखपूर्णिमा (१५ जेष्ठ २०१० का दिन) पश्चात् पनि पूरा महिना दिन तानसेनमा रहनुभई ४ जुलाई १९५३ का दिन सारनाथ पुग्नुभयो ।

४. बु.सं. २४९८ औं वैशाख पूर्णिमा (१७ मई १९५४) का दिन बर्माको बुद्धशासन काउन्सिलले बुद्धधर्म संरक्षणार्थ "छट्ठ संगायन" को आयोजना गरी भव्यरूपमा समुद्घाटन समारोह सम्पन्न गरिएको थियो । सो समारोह अवलोकनार्थ सारनाथमा रहँदै आउनुभएका भिक्षु अश्वघोष पनि नेपाली प्रतिनिधिहरूका साथ त्यहाँ (म्यानमार) पुग्नुभएको थियो ।

३ दिनसम्मको भव्य उद्घाटनसमारोह एवं संगायन शुभारम्भ पश्चात् प्रत्येक देशबाट दुई - दुईजना संगीतिकारकहरू बाकी राखी अन्य सबैलाई बुद्धशासन काउन्सिलले बर्माको माण्डले, सगाई, पगान आदि ऐतिहासिक स्थलहरू अवलोकनार्थ लगिएको थियो ।

यसप्रकार भिक्षु अश्वघोषले भारत, श्रीलंकापश्चात् बर्मा देशको पनि ५ दशकअगाडि नै त्यहाँका विभिन्न शहर एवं रहनसहनको अवलोकन गरिसक्नुभएको थियो ।

५. सन् १९५५ को अक्टोबर ७ का दिन एक नेपाली युवक सार



Downloaded from http://www.dhamma.digital

नाथमा उहाँलाई भेट्न आए। सो युवक "धर्मदूत" का सम्पादक र भिक्षु अनिरुद्धसित परिचित व्यक्ति थिए। सारनाथमा रही पालिभाषा पढ्ने उनको मनसाय थियो तर आफ्नो सो मनसाय उहाँले स्पष्टरूपमा भिक्षु अश्वघोषलाई बताउनुभएन।

सो युवकले घरमा एक पत्र छोडी सुटुक्क आएका थिए जसबाट स्पष्ट थियो केही घरायसी मामला थियो। अतः घर फर्किने-नफर्किने दोमन गरिराखेका ती युवकलाई भिक्षु अश्वघोषले केही सम्झाई-बुझाई मैट्रिक परीक्षा उत्तीर्ण गरिसकेपछि मात्र पालिसाहित्य अध्ययन गरेमा वेश हुने आदि कुराबारे सरसल्लाह दिएपछि युवकले स्वीकार गरी प्रसन्नभावले नै घरर्फकने निश्चय गरी बुद्धधर्मका केही पुस्तकहरू र एक बुद्धमूर्ति पनि किनी रेलको स्टेशनतर्फ गइसकेपछि भिक्षु अश्वघोष पनि स्कूल जाने प्रबन्धमा लाग्नुभएको थियो। यसको ३ हप्तापछि भिक्षु अश्वघोषले आफ्नै देशको "पासा" नामक एक साहित्यिक पत्रिका प्राप्त हुनासाथ सरसरति हेर्दै जाँदा "समवेदना" भनिएको ठाउँमा दृष्टि गएको रहेछ जहाँ उल्लेख गरिएको थियो -

"नेपालभाषाया छम्ह लेखक व सेवक, गुम्हस्यां प्रवासय् (दार्जिलिङ्ग/खरसाङ्ग) च्वनाः नं नेपालभाषाया पत्रपत्रिकाय् लेख, कहानी, कविता इत्यादि च्वयाः थःगु मां-भाय्या सेवायात गुम्हस्यां प्रवासी दाजुकिजा तःकेहेंपिंत "नेवाः" नांगु हस्तलिखित पाक्षिक पत्र पिकयाः सेवायात, थौं वहे पासा मञ्जुश्रीलाल श्रेष्ठ नीदँया उमेरय् आश्विन २३ (वि.सं. २०१२) गते गलगलिया स्टेशनय् रेलं क्यलाः थ्व संसार तोता वन ....................।"

यस समवेदना त्यही युवकको थियो जो ७ र ८ अक्टोबर दुई



Downloaded from http://www.dhamma.digital

दिन भिक्षु अश्वघोषसित सारनाथमा रहेको थियो । उहाँ सार नाथबाट फर्की आफ्नो घर भद्रपुर जान गलगलिया स्टेशनमा रेलबाट ओर्लनुभएका व्यक्ति अभाग्यवश सोही रेलको शिकार हुन पुगे, त्यो ९ अक्टोवर १९५५ का दिन मै भएको रहेछ ।

स्मरणीय छ, मञ्जुश्रीलाल श्रेष्ठ - "श्रेष्ठसिरपा:" का दाता स्वयम्भूलाल श्रेष्ठ (ने.सं. १०५१-११०७) का भाइ थिए ।

यसप्रकार भिक्षु अश्वघोषको जीवनमा बिर्सेर बिर्सन नसकिने घटना यो पनि एउटा रहेको थियो ।

६. सन् १९५६ को सेप्टेम्बर महिनामा चीनी बौद्धसंघको निमन्त्रणामा श्रीलंका, बर्मा, थाइलैण्ड, कम्बोडिया, नेपाल आदि ७ राष्ट्रका १४ जना एशियाई भिक्षुहरूलाई चीनको निकट परिचय एवं त्यहाँका धार्मिक गतिविधिहरूको परिचय दिलाउने हेतु निम्तो गरिएको थियो । सो निम्तोमा नेपालको प्रतिनिधित्व गर्न भिक्षु अमृतानन्दले भिक्षु अश्वघोषलाई पठाउनुभएको थियो । अत: भिक्षु अश्वघोष आफ्ना परिचित भारत एवं सिंहलका भिक्षुहरू आनन्द कौशल्यायन, जगदीश काश्यप र जिनरत्न नायक महास्थविर आदिका साथ झण्डै डेढ महिना चीनका प्रमुख शहरहरू एवं औद्योगिक कलकारखाना, त्यहाँको ब्यापार, त्यहाँको खेतिपाती, धार्मिकस्थिति आदिबारे जानकारी हासिल गरी सन् १९५६ को अक्टोबरको दोस्रो हप्तामा सारनाथ फर्कनुभएको थियो ।

यसप्रकार तथागतको धर्मचक्रप्रवर्तनस्थल - सारनाथ एवं वाराणसीमा रही अध्ययन-मननको साथै विभिन्न ठाउँहरूमा यात्रा गर्दै आउनुभएका भिक्षु अश्वघोषमा काशी-हिन्दू



Downloaded from http://www.dhamma.digital

विश्वविद्यालयमा बी.ए.मा अध्ययनरत भइरहेको बेला एक्कासी क्षयरोग (टी.बी.) को लक्षण देखा पर्न थाल्यो । उहाँको रोग झन्-झन् बढ्यो । नेपाल एवं भारतमा रही उहाँले आफ्नो रोगको उपचार सम्भव नदेखिएपछि चीनको पेकिङ्गस्थित अन्तर्राष्ट्रिय विद्यार्थी संघको स्वास्थ्यनिवास (Sanatorium of the International Union of Students) मा उपचारार्थ "नेपाल राष्ट्रिय विद्यार्थी फडेरेशन" को तर्फबाट विन्तिपत्र राखियो । एकडेढ महिनापछि स्वीकृति प्राप्त गरी उहाँ सन् १९५९ को सेप्टेम्बर महिनामा सो स्वास्थ्यनिवासमा पुग्नुभयो । सो स्वास्थ्यनिवास पेकिङ्ग शहरबाट २० किलोमिटर पर अवस्थित थियो । २५ नवम्बर १९५४ देखि खुलेको यस स्वास्थ्यनिवासमा एशिया र अफ्रिकी विद्यार्थीहरूलाई मात्र उपचार गर्ने निर्णय गरिराखेको थियो ।

त्यस स्वास्थ्यनिवास (Sanatorium) मा भिक्षु अश्वघोषले पूरा डेढ वर्ष रही स्वास्थ्योपचार गराउनुभएको थियो ।

सन् १९६१ को शुरूमा उहाँ पूर्ण स्वस्थ भई पुनः एकपटक चीनका यताउतीको शहर एवं गतिविधिको अवलोकन गरी स्वदेश (नेपाल) फर्कनुभयो । चीनमा उपचार गरी फर्कनुभएको वर्षदिनपछि उहाँले त्यहाँको उपचारविधि एवं आफ्नो चीनभ्रमणको गतिविधि र अनुभव एवं चीनदेश (चीनगणतन्त्र) बाट सिक्नुपर्ने शिक्षाहरूको समावेश गरी "पेकिङ्ग स्वास्थ्यनिवास" नामक एक पुस्तिका लेखी आफैले प्रकाशित गर्नुभएको थियो ।

सन् १९६१ मा, भिक्षु अश्वघोष चीनबाट स्वस्थरूपमा फर्कनुभएदेखि आनन्दकुटी विहारका भिक्षुको रूपमा रहनुभएको



Downloaded from http://www.dhamma.digital

थियो । आफ्ना गुरुवर भिक्षु अमृतानन्दको आज्ञाअनुरूप उहाँले आनन्दकुटी विद्यापीठका विभिन्न प्रशासकीय पदमा रही झण्डै एकदशक जति विद्यापीठको सेवामा लाग्नुभएको थियो । त्यस अवधिभित्रमा पनि उहाँले बुद्ध-धर्मसम्बन्धी स-साना पुस्तकहरू लेखी "आनन्दप्रकाशन", "आनन्द ग्रन्थमाला" को रूपमा प्रकाशित गरिसक्नुभएको थियो । ती पुस्तकहरू हुन् - तथागत हृदय, दश संयोजन, त्याग, भिक्षुया पत्र भाग- १,२ बौद्धशिक्षा, बुद्धवाद आदि ।

भिक्षु अश्वघोषका शुरुका पुस्तक "गौतम बुद्ध" र "बुद्धया अर्थनीति" विशेष पठनीय किताबहरू हुन् । यी दुबै पुस्तक लेखनकार्यमा उहाँलाई भिक्षु कुमारकाश्यपले सहयोग गर्नुभएको थियो । यी दुबै पुस्तकको द्वितीय संस्करण पनि प्रकाशित भइसकेका छन् ।

वि.सं. २०२५ सालमा भिक्षु अश्वघोषले आफ्ना गुरुवर भिक्षु अमृतानन्द महास्थविरको अध्यक्षतामा "नेपाली युवक बौद्ध परिषद्" नामक एक संस्था स्थापना गर्नुभएको थियो । आफूसहित भिक्षु कुमार काश्यप पनि सम्मिलित उक्त संस्थामा विशेषतः असनभोटाहिटीका युवकहरू - सम्मिलित (सदस्य) थिए । यस संस्थाले अन्धविश्वासको विरोधमा अभियान शुरु गरेको थियो जसको चर्चा परिचर्चा उपत्यका एवं उपत्यकाबाहिर पनि पुगेको थियो । यो अभियान ३/४ वर्षसम्म चलेको थियो ।

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरुत्थानको दोस्रो चरणमा देखिन आएका विशेष धर्मप्रचारक व्यक्तित्वहरूमा बेजोड हुनपुगेकी अनगारिका धम्मवती - जसले २ दिसम्बर १९६२ का दिन "शासनधज धम्माचरिय" उपाधि हासिल गरेकी थिइनले बर्माबाट फर्केदेखिन



Downloaded from http://www.dhamma.digital

नेपालमा धर्मको प्रचार-प्रसार गर्दै आएको दौरानमा आफ्नो पिता हर्षमान शाक्यको अनुदानबाट काठमाडौं शहरको मध्यस्थित श्रीघ:नघलमा ६ फीट लम्बाइ र ३१ फीट चौडाइको एक जग्गा किनी सोही जग्गामा केही दायक-दायिकाहरूको सहयोगबाट "धर्मकीर्ति विहार" तयार (समुद्घाटन २६ वैशाख २०२२ का दिन) गरिएको थियो ।

सो विहारकै केही युवाहरूको सक्रियतामा ७ जेष्ठ २०२८ तदनुसार २१ मई १९७१ का दिन अनगारिका धम्मवतीकै अध्यक्षतामा "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को स्थापना भएको थियो । यस अध्ययन गोष्ठीले भिक्षु अश्वघोष महास्थविरलाई "धर्मानुशासक" को रूपमा नियुक्त गरिएको थियो ।

"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को प्रमुख उद्देश्य व्यावहारिक बौद्धशिक्षाको अध्ययन गर्ने, गाउँ-गाउँमा बुद्धधर्मको प्रचार-प्रसार गर्न जाने, वर्षमा एउटा बौद्धशिक्षा सम्बन्धी पत्रिका प्रकाशित गर्ने, देशविदेशका बौद्धविद्वानहरूको स्वागत सम्मान गर्ने लक्ष्यअनुरूप सो कार्यको निमित्त भिक्षु अश्वघोष महास्थविरले "आनन्दकुटी विद्यापीठ" को प्रशासकीय कार्य छोडी त्यसतर्फ लाग्नुभएको थियो ।


"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" ले भिक्षु अश्वघोष महास्थविर जस्ता धर्मानुशासक पाएबाट आफ्नो उद्देश्यअनुरूपमा भन्दा पनि विस्तृतरूपमा अनेकौं सामाजिक, शैक्षिक तथा धार्मिक गतिविधिहरू संचालन गर्दै आएको व्यहोरा रीना तुलाधरद्वारा लिखित "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष" र नवनिर्मित धर्मकीर्ति विहारको समुद्घाटन (७ मंसिर २०५९) को अवसरमा लिखित एवं प्रकाशित "चिरं तिट्ठतु सद्धम्मो" नामक पुस्तकको अध्ययनबाट स्पष्ट हुन्छ ।



Downloaded from http://www.dhamma.digital



भिक्षु ऊ. चन्द्रमणि महास्थविर



श्रामणेर अश्वघोष



भिक्षु अमृतानन्द



भिक्षु धम्मावास नायक महास्थविर



भिक्षु धर्मरक्षित

Downloaded from http://www.dhamma.digital

"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"ले यसको स्थापनाकालको वर्षमै पौष महिनामा नुवाकोट जिल्लाको त्रिशूलीमा ८० जना युवा-युवतीहरूको एक टोली लगी धार्मिक कार्यक्रम संचालनको शुभारम्भ गरेको थियो। त्यसपछि क्रमशः उपत्यकाका विभिन्न ठाउँहरूमा एवं उपत्यकाबाहिर काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गत बनेपा, नाला, नमोबुद्ध, श्रीखण्डपुर, धुलिखेल, पनौती आदि ठाउँहरूका साथै बाग्मती अञ्चलबाहिर तानसेन, बुटवल, नारायणगढ, पोखरा, धरान, विराटनगर, धनकुटा, हेटौंडा, लुम्बिनी अझ भारतका कालिम्पोङ्ग र दार्जिलिङ्गसमेत पुगी बुद्धधर्म प्रचार-प्रसारको कार्यमा अग्रणी भूमिका निभाएको थियो। गोष्ठीले प्रत्येक कार्यक्रमअन्तर्गत बुद्धपूजा, धर्मदेशना, वैचारिक चिन्तन मनन वा धार्मिक छलफल आदि जस्ताकार्यक्रमहरू राखिने गरिएको थियो। उक्त कार्यक्रमको लागि धम्मानुशासक भिक्षु अश्वघोष महास्थविर, गोष्ठीका अध्यक्ष अनगारिका धम्मवती एवं गोष्ठीकै पदाधिकारीहरूसक्षम हुँदै आएबाट गोष्ठीकै नाम पनि त्यतिकै द्रुतगतिमा फैलियो।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आफ्नो उद्देश्यअनुरूप वि.सं. २०२९ सालको वैशाखपूर्णिमा (बु.सं. २५१६) देखि "धर्मकीर्ति" नामक वार्षिक पत्रिका भिक्षु अश्वघोष महास्थविरको सम्पादकत्वमा प्रकाशित गर्दै ल्याए। यस्तै भिक्षु अमृतानन्द महास्थविरले २२ आश्विन २०२९ घटस्थापनाका दिन "आनन्दकुटी विहारगुठी" को स्थापना गरेपश्चात् २९ आश्विन २०२९ का दिन बसेको बैठकको निर्णयअनुसार वि.सं. २०३० सालको वैशाख (बु.सं. २५१६) महिना देखि "आनन्दभूमि" नामक बौद्ध मासिक पत्रिमा प्रकाशन शुभारम्भ



Downloaded from http://www.dhamma.digital

गरेको थियो । यसका ३ जना सम्पादकहरूमध्ये भिक्षु अश्वघोष महास्थविर पनि एक हुनुहुन्छ । अन्य दुइजना थिए - न्हूच्छेबहादुर वज्राचार्य र बटुकृष्ण भूषण ।

यसप्रकार भिक्षु अश्वघोष महास्थविरले पत्रकारिताक्षेत्रमा पनि हात बढाउँदै लग्नुभयो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापनापश्चात् विशेषत: गोष्ठी एवं गोष्ठीका अध्यक्षा अनगारिका धम्मवतीको विशेष पहल (सहयोग) मा भिक्षु अश्वघोष महास्थविरलाई आफ्ना कयौं पुस्तकहरू (बुद्धधर्मका व्यावहारिक शिक्षाका कृतिहरू) प्रकाशित गर्न औसर मिलेको थियो ।

वि.सं. २०२९ सालको मंसिर महिनामा धर्मकीर्ति विहारका अनगारिकाद्वय (रत्नमञ्जरी र धम्मवती), गोष्ठीका धम्मानुशासक भिक्षु अश्वघोष महास्थविर र उपासिकाद्वय गरी जम्मा ५ जना बुद्ध शिक्षाको साथै बुद्धधर्मको मेरुदण्डको रूपमा रहेको विधि विपस्सना (चित्तलाई विशेषरूपमा हेर्ने प्रक्रिया) ध्यानभावनाबारे अनुभव हासिल गर्न वाराणसीमा सम्पन्न हुन लागिरहेको ध्यान शिविरमा सरिक हुन त्यहाँ पुग्नुभएको थियो । उक्त शिविर १ दिसम्बर १९७२ का दिनदेखि संचालन गरिएको थियो ।

उक्त शिविर बर्मामा प्रवासी जीवन बिताई महामुनि भगवान् बुद्धप्रति अनमोल श्रद्धा राख्दै उहाँद्वारा प्रतिपादित विपस्सना ध्यानलाई आफ्नो गुरु सयाजी ऊ बा खिन (सन् १८९९-१९७१) को अनुमति लिई सन् १९६९ को जून महिनादेखि आफ्नो पुर्खाको पुण्य-भूमि भारतमा आई सो विपस्सनाध्यान प्रचार-प्रसार गर्दै आउनुभएका कल्याणमित्र सत्यनारायण गोयन्का (जन्म- सन् १९२४) को तर्फबाट



Downloaded from http://www.dhamma.digital

भएको थियो । त्यसबेलासम्ममा उहाँको शिविरसंख्या नं. ८/९ मात्र पुगेको थियो । त्यसबेला भिक्षु अश्वघोष महास्थविरले बाराणसीमा दुइवटा र बुद्धगयामा एउटा गरी ३ वटा विपस्सनाशिविरमा सम्मिलित भई स्वदेश फर्कनुभएको थियो ।

त्यसताका ध्यानशिविरमा भाग लिइरहनुभएका उहाँको एक ध्यानसम्बन्धी पुस्तक रचना गर्ने लक्ष्य राखी नियमित दैनन्दिनी लेख्ने एक थप कार्यमा पनि लाग्नुभएको थियो त एक ध्यानकुटी (विहार) निर्माण गर्ने सोच पनि त्यसैबेला राखिएको थियो । ती दुबैको (लक्ष्य) पूर्ति भिक्षु अश्वघोष महास्थविरले नेपाल फर्केको केही महिनापश्चात् नै पूर्ण गर्ने तर्फ लाग्नुभयो । सो कुरा निम्नानुसार पूर्ण भयो -

## १. बौद्धध्यान पुस्तक -

भिक्षु अश्वघोष महास्थविरले बनारस र बोधगयामा रही विपस्सनाध्यानभावनामा सम्मिलित हुनुभएको बेला ध्यानाचार्य सत्यनारायण गोयन्काले दश दिनसम्म प्रत्येक बेलुका दिनुभएको प्रवचनको सारांश एवं उहाँ (भिक्षु अश्वघोष) को आफ्नै अनुभवको कुरा पनि उल्लेख गरिएको यस पुस्तक सोही ध्यानशिविरमा सम्मिलित हुन पुगेकी श्रीमती लक्ष्मीप्रभाले आफ्ना पति स्वर्गीय हर्षरत्न तुलाधरको पुण्यस्मृतिमा "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को नामबाट वि.सं. २०३० सालको शुरूमै प्रकाशित गरिदिएकी थिइन् ।

भिक्षु अश्वघोषले नेपालभाषामा लेखिएको यस पुस्तकको अनुवाद नेपालीभाषामा चक्रमान शाक्यद्वारा पनि भइसकेको छ । अझ वि.सं. २०५१ मा यसको द्वितीय संस्करंण पनि प्रकाशित भइसकेको छ ।



Downloaded from http://www.dhamma.digital

## (२) ध्यानकुटी विहार -

बनारस र बुद्धगयामा विपस्सनाध्यान गर्न पुगेका भिक्षु अश्वघोष महास्थविरको ध्यान - एक कुटी (विहार) बनाउनेतर्फ पनि गएको थियो । अत: भारतबाट फर्कनासाथ उहाँले सोको निमित्त ध्यान दिनुभयो जसअनुसार बनेपा - दछुटोलमा विहार निर्माणार्थ कृष्णमाया र पूर्णमाया उपासिकाले प्रदान गरेको जग्गामा विशेषत: हरिभक्त नकर्मी परिवारको सहयोग र विष्णुप्रसाद प्रमुख स्थानीय उपासकोपासिकाहरूको श्रमदानबाट सो ठाउँमा विहार निर्माण पूर्ण गरी ३० आषाढ २०३० का दिन भिक्षुसंघद्वारा परित्राणपाठपछि तत्कालीन स्थानीय प्रधानपञ्च रामकृष्ण खाछिभोयको तर्फबाट नवनिर्मित विहारको समुद्घाटन सम्पन्न भएको थियो। भिक्षु अश्वघोष महास्थविरले सो विहारको नाम नै "ध्यानकुटी" राख्नुभयो । वि.सं. २०३० सालको वर्षावास उहाँले त्यहीँ गर्नुभएको थियो ।

यसप्रकार भिक्षु अश्वघोष महास्थविरले विशेषत: धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उद्देश्यपूर्तिको निमित्त पनि उपत्यकाका विभिन्न ठाउँहरूमा एवं उपत्यकाबाहिरका अनेकौं ठाउँहरूमा पुगी गोष्ठीका पदाधिकारीहरू एवं अन्य सम्पूर्ण सदस्यहरूको हितार्थ बुद्धका व्यावहारिक शिक्षासम्बन्धी पुस्तकहरू पनि लेखी बुद्धधर्मको प्रचार-प्रसार गर्दै आएबाट विशेषत: त्यसबेलाको "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को रौनक बढ्न गएको कुरा स्मरणीय छ ।

वि.सं. २०३६ सालमा अनगारिका धम्मवती र उहाँसँगै बर्माबाट नेपालमा बुद्धधर्म प्रचारार्थ (सहयोग गर्न) आउनुभएकी अनगारिका मा गुणवती गुरुआमाको गुरुआमाद्वय दो पञ्ञाचारी र दो सुखाकारी धर्मकीर्ति विहारको निमन्त्रणामा २७ अगष्ट १९७९ का दिन नेपाल आउनुभयो ।



Downloaded from http://www.dhamma.digital

उहाँहरूलाई धर्मकीर्ति विहार एवं अन्य विहारहरूबाट पनि भव्यस्वागत एवं अभिनन्दन गरिएको थियो । गुरुमांहरूको तर्फबाट आधुनिक नेपालमा सर्वप्रथम ध्यानकुटी विहार, प्रणिधिपूर्ण महाविहार र लुम्बिनीमा समेत ७-७ दिनको विपस्सनाध्यानशिविर संचालन भएको थियो । उक्त शिविरहरूमा दो पञ्ञाचारी गुरुमांले विपस्सना ध्यानभावनासम्बन्धी प्रवचन पनि दिनुभएको थियो ।

ती गुरुमांहरूले नेपाल भ्रमणपश्चात् बर्मा पुग्नासाथ नेपालको उपासकापासिकाहरूको अभिरुचि ध्यान गर्नमा पनि वृद्धिभएको बारे बर्माका सुप्रसिद्ध ध्यानगुरु भिक्षु ऊ. सोभन महास्थविर (महासि सयादो) समक्ष जानकारी दिएबाट उहाँको अनुमतिअनुरूप धर्मकीर्ति विहारबाट भिक्षु अश्वघोष महास्थविर र अनगारिका धम्मवतीको प्रमुख नेतृत्वमा अन्य ४ जना अनगारिका (रत्नमञ्जरी, सुशीला, अनुपमा र यशवती) र २० जना उपासकोपासिकाहरू पनि विपश्यना शिविरमा सम्मिलित हुन १४ फागुन २०३६ अर्थात् २६ फरवरी १९८०) का दिन बर्मा पुग्नुभएको थियो ।

२८ फरवरीदेखि २८ मार्च १९८० सम्म वा महिनादिनको महासि शासनहित ध्यानकेन्द्रमा सतिपट्ठान विपस्सनाभावनामा सरिक भइसकेपछि एवं मोलमिन शहरको अवलोकन गरी उहाँहरू बर्माबाट थाइलैण्डको पनि ९ दिनको भ्रमण गरी १६ वैशाख २०३७ तदनुसार २८ अप्रिल १९८० का दिन फर्कनु भएको थियो ।

नेपालीहरूको निमित्त सौभाग्यको कुरा, वि.सं. २०३७ सालको अन्तिम महिनामा बर्मा देशका सुप्रसिद्ध ध्यानगुरु अग्गमहापण्डित भदन्त महासि सयादो (सन् १९०४-८२) लुम्बिनी विकास समितिको निमन्त्रणामा काठमाडौं आइपुग्नुभएको थियो । उहाँलाई काठमाडौं



Downloaded from http://www.dhamma.digital

उपत्यकाका विभिन्न ठाउँ वा विहारहरूमा एवं बनेपा, पोखरा, तानसेन, बुटवल, कपिलवस्तु आदि ठाउँमा पनि भव्यरूपमा स्वागत गरिएको थियो । उहाँको तर्फबाट लुम्बिनीमा "विपस्सनाध्यानशिविर" पनि सम्पन्न गरिएको थियो ।

यस्तै बर्मामै जन्मनुभएर त्यहींबाटै विपस्सनाध्यान सिक्दै ध्यानभावनामा अग्रज बन्नुभएका ध्यानगुरु कल्याणमित्र सत्यनारायण गोयन्का पनि वि.सं. २०३७ सालको चैत्र महिनामा नेपालमा निमन्त्रित भई नेपालमै सर्वप्रथम उहाँको दशदिने विपस्सना ध्यानशिविर आनन्दकुटी विहारमा १२ चैत्र - २२ चैत्र २०३७ सम्म सम्पन्न गरिएको थियो ।

भिक्षु अश्वघोष महास्थविर त्यसताका भदन्त महासि सयादोका साथ लुम्बिनीमा विपस्सनाध्यानशिविर सम्पन्न भएपश्चात् उहाँको साथै भारत भ्रमणमा जानुभएको थियो । यसको स्मरणमा उहाँ यसरी उल्लेख गर्नुहुन्छ -

"महासी सयादोनाप लुम्बिनी, कुशीनगर, श्रावस्ती, सारनाथ, बुद्धगया, राजगृह, नालन्दा दर्शन याये खंगु, अहोभाग्य सम्झे जुया । वसपोलयाके छुं प्रकारया क्लेश पिजो धैगु मखना । अल्सी धैगु छपति हे मखना । थ:गु दिनचर्या ध्यानभावना व चंक्रमण आदि ज्या नियमित रूपं जुया च्वनीगु । वसपोलपाखें मेपिंत पंगल: वा ज्या मछिनीगु ज्या थमज्वीमा धैथें न्ह्याबलें सावधान व सजग जू । धात्थें ध्यान बल्ला:म्ह ख: धैगु मतिइ वन । वसपोल नापया थुगु यात्रा जिगु लागी छगू ज्ञानयात्रा जूवन । थ्व जिगु लागी सन्तोषया खँ ख: ।"

भिक्षु अश्वघोष महास्थविरले सन् १९८१ को मध्यमा The Religions Board of the U.S.S.R on International Affairs / Asian Buddhist conference for Peace Wulan Bator को मैत्रीपूर्ण



Downloaded from http://www.dhamma.digital

निमन्त्रणामा दुई हप्ताको कार्यक्रममा रूस र मंगोलियाको भ्रमण गर्नुभएको थियो । स्मरणीय छ, यसभन्दा अगाडि उहाँको मंगोलिया भ्रमण भिक्षु अमृतानन्द महास्थविरका साथ सन् १९६५ को सेप्टेम्बर महिनामा भएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले यसपटक रूस र मंगोलिया भ्रमण गर्न जानुअगाडि नेपाली श्रामणेरहरूलाई बुद्धशिक्षा र पालिभाषा पढ्न श्रीलंका, बर्मा र थाइलैण्ड आदि बौद्धदेशहरूमा जानुपर्ने बाध्यतालाई हृदयंगम गरी स्वदेश (नेपल) मै सोको व्यवस्था दिलाउने हेतु विशेषत: दुइजना दाताहरू (थँहिटीका द्वारिकादास श्रेष्ठ र रत्नमाया शाक्य - हाल अनगारिका धर्मरक्षिता) को सहयोग लिई श्रीलंकामा रहँदै आउनुभएका आफ्ना गुरुभाइ भिक्षु मैत्रीलाई प्रमुख सहयोगी बनाउने हेतु नेपाल फर्काइ (२८ डिसेम्बर १९८० अर्थात् १४ पौष २०३६ का दिन) सकेका थिए ।

अत: आफ्नो भ्रमण पूर्ण गरी फर्कनुभएका भिक्षु अश्वघोष महास्थविरले सोको निमित्त विष्णुमति ढल्कोस्थित पर्तीजग्गामा उपासक द्वारिकादास श्रेष्ठ (वि.सं. १९५७-२०५९) द्वारा शुरू गरिएको एक भवनबाट "भिक्षु तालिम केन्द्र - संघाराम" को शुभारम्भ गर्नुभएको थियो ।

भिक्षु अश्वघोष महास्थविर र भिक्षु मैत्रीको सत्यप्रयाशबाट सो तालिम केन्द्रमा अध्ययनार्थ पाटन र बलम्बुका गरी १० जना बालकहरूलाई श्रामणेर गर्ने प्रबन्ध मिलाए जसअनुसार १३ मंसिर २०३८ वा २८ नवम्बर १९८१ का दिन भिक्षु प्रज्ञानन्द महास्थविर, भिक्षु अमृतानन्द महास्थविर प्रमुख अधिकांश भिक्षुहरूको उपस्थितिमा प्रव्रज्याकार्य सम्पन्न गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

"संघाराम भिक्षु तालिम केन्द्र" का यस पहिलो समूहका ती दशजना श्रामणेरहरू निम्न थिए -

१. श्रामणेर भद्दिय - लक्ष्मिदास महर्जन - बलम्बु

२. श्रामणेर उपतिस्स - जीवन श्रेष्ठ -बलम्बु

३. श्रामणेर आनन्द - पुरुषोत्तम नकर्मी - बलम्बु

४. श्रामणेर सद्धातिस्स - भुवन श्रेष्ठ - बलम्बु

५. श्रामणेर मंगल - भान्दास महर्जन - बलम्बु

६. श्रामणेर विनीत - सानुकाजि महर्जन - पाटन

७. श्रामणेर कोलित - गौतमरत्न शाक्य - पाटन

८. श्रामणेर सोभित - महेन्द्र महर्जन - पाटन

९. श्रामणेर धम्मिक - वरुण शाक्य - पाटन

१०. श्रामणेर कोण्डञ्ञ - विश्वन्तर शाक्य - पाटन

हाल, माथि उल्लिखित १० जना श्रामणेरहरू श्रीलंका र थाइलैण्डमा आ-आफ्नो अध्ययन पूर्ण गरी उपसम्पन्न (भिक्षु) समेत भई स्वदेश फर्की प्रत्येकले आ-आफ्नो क्षमतानुसार उपत्यका एवं उपत्यकाबाहिर पुगी धर्मप्रचार कार्यमा संलग्न हुँदै आउनुभएको हामीप्राय:लाई थाहा भएकै कुरा हो । यिनीहरूमध्ये दुइजनामात्र गृहस्थजीवनमा फर्केका थिए। गृहस्थ जीवनमा फर्केका भिक्षु कौण्डण्य (विश्वन्तर शाक्य) ले युवा बौद्ध समितिमा सरिक भई धर्मप्रचार कार्यमा भिक्षुहरूलाई सहयोग गर्दै आउनुभएको छ ।

त्यसताका (वि.सं. २०३८-३९) भिक्षु अश्वघोष महास्थविरद्वारा ती श्रामणेरहरूलाई संघाराम ढल्कोमा पानीको अभाव, श्रामणेर हरूको स्वास्थ्य कमजोर, जग्गाको गडबडीको साथै उचित प्रबन्ध नहुनाको कारण १० महिनापछि सो तालिमकेन्द्र ध्यानकुटी विहार,



Downloaded from http://www.dhamma.digital



१९ मार्च २००० का दिन भिक्षु अश्वघोष महास्थविर म्यानमार सरकारबाट प्रदान गरिएको "अग्गमहासद्धम्मजोतिकधज" सम्मान पदवी ग्रहण गरिसकेपछि भिक्षाटनको क्रममा (व्हीलचेयरमै रहँदै)

Downloaded from http://www.dhamma.digital

बनेपामा सारिएको थियो ।

शहर (काठमाडौं) बाट टाढा बनेपामा उहाँलाई संघाराममा जस्तो अन्य भिक्षुहरू एवं शिक्षकहरूबाट सहयोग प्राप्त भएन । अत: उहाँले ती श्रामणेरहरूलाई वि.सं. २०३९ सालको माघ-फागुन महिनामा १८ दिनको बौद्धतीर्थयात्रामा सम्मिलित गराइसकेको एक - डेढ महिनापछि सबैलाई भिक्षु मैत्रीको मद्दतद्वारा श्रीलंकामा बुद्धधर्म अध्ययनार्थ पुऱ्याए ।

वि.सं. २०४४ सालमा भिक्षु अश्वघोष महास्थविरले भिक्षु मैत्री एवं दाताहरूको सहयोग लिई पुन: संघाराममा भिक्षु तालिम केन्द्र संचालनार्थ हेतु काठमाडौं, भक्तपुर, ललितपुर, कीर्तिपुर, बनेपाका गरी १० जना बालकहरू जम्मा गरी १० भाद्र २०४४ का दिन संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा श्रामणेर प्रव्रज्या कार्य सम्पन्न गरिएको थियो ।

त्यसबेलासम्ममा सो तालीम केन्द्र संचालनार्थ एउटा संचालक समितिको पनि गठन गरिसकेको थियो जसअनुसार अध्यक्ष-भिक्षु अश्वघोष महास्थविर, उपाध्यक्षहरू- भिक्षु ज्ञानपूर्णिक महास्थविर, लोकदर्शन वज्राचार्य र द्वारिकादास श्रेष्ठ, व्यवस्थापक - भिक्षु मैत्री, सहयोगी - रत्नमाया शाक्य, सुपरिवेक्षक - भिक्षु सुशोभन, कोषाध्यक्ष धर्मदास ताम्राकार र सदस्यहरूमा अनगारिका धम्मवती, माणिकरत्न कंसाकार र सुवर्ण शाक्य थिए ।

यसका दोस्रो समूहको श्रामणेरहरूको तर्फबाट “संघाराम भिक्षु तालिम केन्द्र” का अध्यक्ष भिक्षु अश्वघोष महास्थविरको आशय अनुरूप प्रगति हुन सकेन यसको मूल कारण उहाँ (भिक्षु अश्वघोष महास्थविर) कै शब्दमा स्पष्ट पारौं -



Downloaded from http://www.dhamma.digital

"यस समूहका श्रामणेरहरूले स्कूलको शिक्षा पनि पढ्ने माग गरे । त्यसैले उनीहरूलाई गीतामाता मा.वि.मा भर्ना गरिदिएँ तर अफशोच, यिनीहरूले पछि बुद्ध शिक्षा र पालिभाषा सिक्ने कार्यमा रुचि देखाएनन् । उनीहरूको विचारअनुसार पालिभाषा र बुद्धशिक्षा पढेर उनीहरूको भविष्य सुध्रिने छैन रे । यो कुरा सुनेर मेरो मनमा नराम्रो चोट पर्‍यो । त्यतिमात्र होइन स्कूलमा गइसकेपछि यी श्रामणेरहरूको रहनसहनमा प्रशस्त छाडापन आएको महशुस हुन थाल्यो । फलस्वरूप (यिनीहरूमध्ये) कोण्डन्य र अस्सजित बाहेक बाकी सबै चीवर छोड्दै घर फर्के । कोण्डन्य आनन्दकुटी विहारमा सरुवा भयो र अस्सजित श्रीलंकामा गयो ।"

स्मरणीय छ, आनन्दकुटी विहारमा सरुवा हुनुभएका श्रामणेर कौण्डण्य नै हालका भिक्षु कौण्डण्य हुनुहन्छ उहाँ १३ मंसिर २०५० अर्थात् २८ नवम्बर १९९३ का दिन वर्तमान संघनायक भिक्षु सुबोधानन्द महास्थविरको उपाध्यायत्वमा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको सीमागृह (उपोसथागार) मा उपसम्पन्न भई "भिक्षु कोण्डन्य" हुनुभएको थियो । उहाँले आफ्नो प्रव्रजित जीवनयात्राको वर्णन "श्रामणेर जीवनलाई फर्किंहेर्दा" को रूपमा विश्वशान्ति बौद्धशिक्षालय विशेषाङ्क - २०६० को "शान्तिसन्देश" मा स्पष्टरूपमा (विस्तृत गरी) उल्लेख गर्नुभएको छ । उहाँले "आनन्दभूमि" बौद्धमासिक पत्रिका वर्ष - २९ अंक - ४ देखि वर्ष - ३२, अंक - ३ सम्मको सम्पादक भार वहन गर्नुभएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले पछि पनि तामाङ र शेर्पाहरू सम्मिलित गरी १० जना पुनः प्रव्रजित गरेका थिए । तिनीहरूमध्ये पनि श्रामणेर अशोक र त्रिरत्न बाहेक बाकी आठैजना घर फर्केका थिए ।



Downloaded from http://www.dhamma.digital

यसप्रकार भिक्षु अश्वघोष महास्थविरले पटक पटकको प्रयासपछि नेपालमै बौद्धशिक्षा अध्ययन र अध्यापन गराउने कार्यबाट छुट्टी लिए ।

वि.सं. २०४६ साल चैत्र २६ गते आफ्नो देश (नेपाल) मा भएको राजनैतिक परिवर्तनले प्रजातन्त्रको शिलान्यास भई बहुदलीय शासनप्रणालीको सूत्रपात हुनाको कारण सोअन्तर्गत तयार गर्न लागेको संविधानमा विभिन्न भाषा, जाति एवं धर्ममा बेइमानी नहुने किसिमले निष्पक्षीयरूपमा संविधान तयार गराउन विशेषत: धर्ममा निरपेक्ष गराउन १६ आषाढ २०४७ का दिन लाखौंको जनसमूहका साथ काठमाडौंमा भव्य शान्तिपदयात्राको आयोजना सम्पन्न गरिएको थियो । यस्तै धर्मनिरपेक्षताको माग गर्दै संविधान सुझाव आयोग, राष्ट्रिय सभागृहतर्फ विशाल जनसमूहका साथ कयौं बौद्धसंघ-संस्थाहरूले "धर्मनिरपेक्षता" गर्नुपर्नेबारे सुझाव प्रस्तुत गरेका थिए ।

त्यसताका भिक्षु अश्वघोष महास्थविरले आफूले सम्पादन गर्दै आइरहनुभएको "आनन्दभूमि" र "धर्मकीर्ति" बौद्धमासिक पत्रिकामा "धर्मनिरपेक्ष विशेषांक" - "आनन्दभूमिमा दुई अंकको रूपमा (वर्ष १८, अंक ३, ४ आषाढ, श्रावण २०४७) र "धर्मकीर्ति" मा पूर्णाङ्क ७६, ७७ (आषाढ, श्रावण, २०४७) गरी सोसम्बन्धी देशका विशिष्ट व्यक्तिहरूको राय (लेख) प्रस्तुत गरेका थिए ।

अफशोचको कुरा, यति भएर पनि नेपालको संविधान २०४७ ले नेपाललाई बहुजातीय र बहुभाषिक राष्ट्र त माने तर "बहुधार्मिक मान्न स्वीकार गर्न सकेनन् । निर्दलीय पञ्चायती व्यवस्थाको अन्त भयो तर त्यसको मूलजड (विशेषत:) "हिन्दूराष्ट्र" लाई यथावतै



Downloaded from http://www.dhamma.digital

कायम गऱ्यो। अतः सत्ता (सरकार) पक्षबाट पुनः नेपालमा बौद्धहरू एवं अन्य धर्मावलम्बीहरूलाई दमन गर्दै रहन पाउने प्राव
तहीँ राखियो ।

नेपालमा २०४६ सालको जनआन्दोलनको सफलता (प्रजातन्त्र) पश्चात् बनिएको अन्तरिम सरकारपछि गठित संसद्को राष्ट्रिय सभामा भिक्षु अश्वघोष महास्थविरलाई ने.क.पा. एमाले ले संसद्को उपल्लो सदन राष्ट्रिय सभामा पठाउने निर्णय गऱ्यो, सो निर्णयको "प्रेषित पत्र" लाई त्यसताका धर्मोदयसभाका उपाध्यक्ष हुनुभएका भिक्षु सुदर्शन महास्थविरलगायत अधिकांश उहाँ (भिक्षु अश्वघोष) सित परिचित भएका व्यक्तिहरूले "राष्ट्रिय सभा भनेको शुद्ध राजनैतिक थलो होइन बरु बुद्धिजीवी वर्गको थलो हो" भनी सम्झाएको एवं ने.क.पा. एमालेको कार्यालयबाट नै "तपाईंलाई बुद्धधर्मावलम्बीहरूको प्रतिनिधित्व गरी सभामा पठाउन हाम्रो पार्टीले निर्णयभएअनुसार यो पत्र पठाएको छु , स्वीकृति दिनुहोला" भन्ने व्यहोराको अनुरोधपत्र आएबाट उहाँले सहर्ष स्वीकार गरी राष्ट्रिय सभामा जानुभएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले दुई वर्षको राष्ट्रिय सभाको सांसदकाल (चौथो सेसनसम्म) मा विशेषतः पञ्चायतव्यवस्थाको अन्त्यपछि धार्मिक समानताको आशा गरेका बौद्धहरूलाई नयाँ संविधान २०४७ ले पञ्चायती शैलीकै धार्मिक एकाधिकारलाई कायम राखी "हिन्दूराज्य" नै गरेबाट बौद्धहरू असन्तुष्ट भई अप्रजातान्त्रिकरूपमा विद्यमान रहेको हिन्दूराज्यको अवधारणा नेपालको संविधान २०४७ मा हटाइने आशा गरेको, पोखराको अनदु डाडाँमा निर्माण गरिएको (वि.सं. २०३०-३१ मा) विश्व



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

शान्तिस्तूप, प्रार्थनाहल र विहारलाई विगतमा पञ्चायती व्यवस्थाको एकपक्षीय (हिन्दूवादी) धार्मिक नीतिले गर्दा भत्काइदिएको, लुम्बिनीको विकासमा ढीला सुस्ती भएको - लुम्बिनी विकास कोषको समितिमा बौद्धहरू बहुसंख्यक हुनुपर्ने आदिबारे बोल्नुभएको थियो ।

राष्ट्रिय सभामा उहाँको आवाजको प्रतिफलस्वरूप श्री ५ को सरकारले ८ आश्विन २०४८ का दिन पोखराको उक्त विश्व-शान्ति स्तूप पुननिर्माण गराउने मन्त्रीस्तरीय निर्णय गरी बल्ल ७ जेष्ठ २०४९ का दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको तर्फबाट शिलान्यासकार्य सम्पन्न गराइएको थियो । त्यसको ७ वर्षपछि पूर्ण तयारीपश्चात् १३ कार्तिक २०५६ अर्थात् ३० अक्टोबर १९९९ का दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाकै उपस्थिति गराइ भव्य प्रतिस्थापूजा सम्पन्न गरिएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले राष्ट्रिय सभामा लुम्बिनीको गतिविधि (विकासकार्यमा ढीलासुस्ती, विकास कोष समितिमा प्रायः अबौद्ध पदाधिकारीहरूको बाहुल्यता, विदेशीहरू आफैले निर्माण कार्य गर्न नपाएको आदि) बारेमा जोडदार आवाज उठाउनुभएको फलस्वरूप केही समयपछि २ पौष २०४८ अर्थात् १६ डिसम्बर १९९१ का दिन नेपालको सरकारले माननीय शिक्षा तथा संस्कृति मन्त्रीको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका भू.पु. उपकुलपति प्रो. सूर्यबहादुर शाक्यको उपाध्यक्षत्वमा बहुसंख्यक बौद्धहरू सम्मिलित गराई २१ जनाको कार्यकारिणी पदाधिकारी राखी “लुम्बिनी विकास कोष” को पुनगर्ठन गरिएको थियो । उक्त गठित समितिमा पार्टीगत राजनीतिबाट माथि उठेर बौद्धहरूको हितलाई सोच्ने, आर्थिक लालचबाट मुक्त भएका, सामाजिक क्षेत्रमा



Downloaded from http://www.dhamma.digital

सक्रियताका लागी विख्यात हुनुभएका साहू मणिहर्षज्योति कंसाकार, प्रा. आशाराम शाक्य, कर्ण शाक्य, रत्नबहादुर वज्राचार्य (धर्मोदय सभाका तत्कालीन उपाध्यक्ष) भिक्षु ज्ञानपूर्णिक महास्थविर आदि पदाधिकारीहरू रहेबाट लुम्बिनी विकासका अवाश्यक वातावरण तयार हुँदै आएको थियो ।

उहाँहरूकै विशेष पहलमा चीन, कोरिया, श्रीलंका, बर्मा, थाइलैण्ड, जापान, भियतनाम आदि देशबाट आ-आफ्नो शैलीमा विहार एवं स्तूपहरू आ-आफ्नो देशको तर्फबाट (नेपालीहरूलाई जिम्मा दिनु नपर्ने गरी) बनाउँदै गए ।

लुम्बिनीस्थित विश्वशान्तिस्तूप ९ अगष्ट १९९३ का दिन लुम्बिनी विकास कोष र निप्पोनजान म्योहोजीका बीच सम्झौता भए अनुरूप १३ नवम्बर १९९३ का दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको तर्फबाट भूमि अभिसिंचन समारोहपश्चात् निर्माणकार्य शुरू गरिएको थियो । त्यसको ८ वर्षपछि (यद्यपि स्तूपका शुरूका निर्माणकर्ता जापानी भिक्षु युनाताका नावातामेको ३ जुलाई १९९७ का दिन हत्या गरिएको थियो) पूर्ण निर्माण भई ३ नवम्बर २००१ का दिन समुद्घाटन गरिएको थियो ।

यसप्रकार भिक्षु अश्वघोष महास्थविरको दुई वर्षको सांसद्काल अवधिबाट एकजना भिक्षुलाई राष्ट्रिय सभामा पठाई बुद्धधर्मको गतिविधि देशभरका सांसद्हरूलाई अवगत गराउन पाउने अवसर दिएको मा एमालेको प्रतिष्ठा बढ्नु, धेरै पत्रपत्रिकाहरूमा आलोचना - समालोचनाको रूपमा भए पनि बुद्धधर्मसम्बन्धी चर्चा हुनु, प्रगतिशील युवाहरूले बुद्धधर्म अध्ययन गर्नमा रुचि राख्नु आदि कुराको उपलब्धि प्राप्तभएको थियो ।



Downloaded from http://www.dhamma.digital

भिक्षु अश्वघोष महास्थविर राष्ट्रिय सभाको सांसद् पदबाट मुक्त भइसकेपछि पुनः स्वतन्त्ररूपमा बुद्धधर्म प्रचार-प्रसारमा लाग्नु भयो ।

उहाँलाई १४ पौष २०५१ का दिन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको ५० औं शुभजन्मोत्सवको उपलक्ष्यमा "प्रबल गोरखा दक्षिण बाहु (तेस्रो)" पदवीले विभूषित गरिएको थियो । स्मरणीय छ, यसको लागि उहाँको सिफारिस तत्कालीन प्रधानमन्त्री श्री मनमोहन अधिकारी (ने.क.पा. एमालेका अध्यक्ष) ले गर्नुभएको थियो । उहाँकै शासनकालमा भिक्षु अश्वघोष महास्थविरलाई श्री ५ को सरकारले लुम्बिनी विकास कोष पुर्नगठन गरी "उपाध्यक्ष" पदमा नियुक्त गरेको थियो सो पदमा उहाँ ४ महिना रही सेवा पुऱ्याउनुभएको थियो । यस अवधि (४ महिना) भित्रमा भिक्षु अश्वघोष महास्थविर A.B.C.P. (Asian Buddhists Conference for Peace) को निमन्त्रणामा जापानमा भएको सप्ताहव्यापी बौद्ध सम्मेलनमा भाग लिन जानुभई Taiwan हुँदै २ नवम्बर १९९५ का दिन स्वदेश फर्कनुभएको थियो । उहाँको साथमा लुम्बिनी विकास कोषका भू.पू. अध्यक्ष लोकदर्शन वज्राचार्य पनि जानुभएको थियो ।

भिक्षु अश्वघोष महास्थविरले जापानलगायत सन् १९९७ को सेप्टेम्बर-अक्टोबर महिनामा अमेरिकाको क्यानाडामा संचालित पाँचौ अन्तर्राष्ट्रिय विहार सेमिनार र बुद्धको ज्योति अन्तर्राष्ट्रिय संघको सातौं सम्मेलन (5th International Monastic seminar and Buddha's light International 7th conference) मा पनि सहभागी हुनुभएको थियो । उहाँको साथमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका कार्यकारिणी सदस्य वरदेश मानन्धर पनि जानुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

स्मरणीय छ, भिक्षु अश्वघोष महास्थविरले अभिभावक गुरु आचार्य भिक्षु अमृतानन्द महास्थविर (वि.सं. १९७५-२०४७) का साथ केही दशकअगाडि यूरोपका केही मुलुकहरूको पनि भ्रमण गरिसक्नुभएको थियो । उहाँले हालसम्मको अन्तिम चीनभ्रमण वि.सं. २०४८ (सन् १९९१-९२) मा सभामुख दमननाथ ढुङ्गानाको प्रमुख नेतृत्वमा १६ जनाको एक संसदीय प्रतिनिधिमण्डलमा सम्मिलित भएको लाई लिन सकिन्छ । यसको वर्षदिनपछि भुटानका एक अवतारी पूज्य धर्मगुरु दिल्गो खेंचे रिन्पोछेको निधनपश्चात् ४ नवम्बर १९९२ का दिन उहाँको अन्तिमसंस्कार सम्पन्न गर्न अन्तर्राष्ट्रिय क्षेत्रबाट विभिन्न बौद्ध तथा श्रद्धालुहरूको सहभागी गराउने हेतु पठाएको निम्तोमा १४ कार्तिक २०४९ अर्थात् ३० अक्टोबर १९९२ का दिन भुटानतर्फ प्रस्थान गरेको २५ जनाको टोलीमा भिक्षु अश्वघोष महास्थविर पनि सम्मिलित हुनुभएको थियो ।

यसप्रकार भिक्षु अश्वघोष महास्थविरले १७ वर्षको उमेरदेखि प्रव्रजित जीवन बिताई बुद्धधर्म प्रचार-प्रसारमा विशेषत: सामाजिक सुधार एवं चारित्रिक निर्माण गराउने पक्षमा जोड दिई सोसम्बन्धी बौद्धसाहित्यमा पाइएका प्राय: सम्पूर्ण टिपोटहरूबाट उहाँले धराधर पुस्तक लेखनकार्य गर्दै आउनुभएको थियो । उहाँको अधिकांश पुस्तकहरूको प्रकाशन धर्मकीर्ति विहार एवं धर्मकीर्त बौद्ध अध्ययन गोष्ठीका सम्बन्धित व्यक्तिहरूबाट भएको देखिन्छ ।

बुद्धशासन तथा बुद्धधर्म, बौद्धसंस्कृति एवं बौद्धदर्शनलाई जनमानसमा प्रचार-प्रसार गर्ने कार्यमा वर्षौंदेखि योगदान पुऱ्याउँदै आएका देश-विदेशका भिक्षु-भिक्षुणी तथा अन्य विशिष्ट व्यक्तित्वहरूलाई प्राय: वर्षेपिच्छे उचित अवसर निकाली म्यानमार



Downloaded from http://www.dhamma.digital



सातौं बौद्ध जागरण प्रशिक्षण शिविरमा सम्वोधन



धर्मनिरपेक्ष कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर

Downloaded from http://www.dhamma.digital

सरकारले कदर गर्दै विभिन्न पदवीद्वारा विभूषित गरी सम्मान गर्ने क्रममा १९ मार्च २००० का दिन भिक्षु अश्वघोष महास्थविरलाई म्यानमारका धार्मिक मन्त्री ऊ आउँ खिनले "अग्गमहासद्धम्म जोतिकधज" भन्ने पदवीको प्रमाणपत्र हस्तान्तरण गरिएको थियो ।

१९ मार्च २००० का दिन, छट्ठ संगायना सम्पन्न भएको स्थान-महापासान गुहामा अन्तर्राष्ट्रिय स्तरमा भव्यरूपमा हजारौं भिक्षुहरू एवं गण्यमान्य प्रशस्त उपासककोपासिकाहरू सम्मिलित गराई ११ वटा राष्ट्रका भिक्षुहरूलाई विभिन्न पदवीबाट विभूषित गरेको त्यो विशिष्ट सम्मानकार्यक्रममा यसपटक भिक्षु अश्वघोष महास्थविरलाई उक्त पदवी प्राप्तिको अवसर भएको थियो ।

स्मरणीय छ, यसभन्दा अगाडि उक्त पदवी नेपालका भिक्षु शाक्यानन्द महास्थविरले २३ मार्च १९९७ का दिन, भिक्षु अनिरुद्ध महास्थविरले १२ मार्च १९९८ का दिन र भिक्षु बुद्धघोष महास्थविर ले १७ जुलाई १९९९ का दिन प्राप्त गरिसक्नुभएको थियो त नेपालका संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरले २१ दिसम्बर १९९१ का दिन "अग्गमहापण्डित" पदवी र अनगारीका धम्मवतीले १९ मार्च १९९१ का दिन "अग्गमहागन्थवाचकपण्डित" पदवी म्यानमार को सोही धार्मिक मन्त्रालयबाट प्राप्त गरिसकेको थिए ।

भिक्षु अश्वघोष महास्थविरपश्चात् म्यानमारको धार्मिक मन्त्रालयबाट "अग्गमहासद्धम्म जोतिकधज" पदवी पाउने पाँचौ नेपाली भिक्षु हुनुहन्छ - भिक्षु ज्ञानपूर्णिक महास्थविर । उहाँले सो पदवी वा उपाधि २३ नवम्बर २००१ का दिन पाउनुभएको थियो भने १५ मार्च २००३ का दिन सो उपाधि आचार्य भिक्षु कुमार काश्यप महास्थविरले पाउनुभएको थियो । यस्तै ४ मार्च २००४ का दिन सो



Downloaded from http://www.dhamma.digital

उपाधि भिक्षु विमलानन्द महास्थविरले प्राप्त गर्नुभएको छ त यसै दिन अनगारिका ञाणशीलालाई पनि "महासद्धम्मजोतिकधज" उपाधि प्रदान गरिएको थियो ।

यसप्रकार नेपालका स्थविरवाद बुद्धधर्मका अग्रज: भिक्षुहरूलाई विशेष सम्मान प्राय: विदेशबाट मात्र पाएको देखिन्छ । स्वदेशमा त्यस प्रकारको सम्मान (सरकारी स्तरबाट) भिक्षुहरूलाई पाउनु असम्भवै छ, कारण स्पष्टै छ स्वदेश (नेपाल) को धर्मनीतिको बारेमा पटक-पटकको जालझेल राणाकालदेखि २०४६ सालपश्चात्को संविधानमा समेत बौद्धहरूले देखिसकेका छन् ।

तैपनि, भिक्षु अश्वघोष महास्थविरलाई जनस्तरबाट उहाँले ६ दशकसम्मको अवधिमा बुद्धधर्मको प्रचार-प्रसारमा विशेषत: "आनन्दभूमि" र "धर्मकीर्ति" पत्रिकाको प्रधानसम्पादक पद वहन ('आनन्दभूमि' - डेढ-दुई दशकसम्म र 'धर्मकीर्ति' अद्यावधिसम्म), विशेषत: बुद्धधर्मको व्यावहारिक पक्षसम्बन्धी नेपालभाषा र नेपालीभाषामा दर्जनौं पुस्तक लेखन, कयौं संघ-संस्थाहरूका अध्यक्ष एवं धर्मानुशासक पद वहन, कयौं बौद्धजागरण प्रशिक्षण शिविर हरूमा प्रशिक्षक भई प्रोत्साहन दिंदै आउनु, नेपालमै पालिभाषा एवं बौद्धसाहित्य अध्यापन गराउने हेतु पटक-पटक गरी श्रामणेर भिक्षुहरू वृद्धि गराउन संघाराम भिक्षु तालिम केन्द्रका प्रमुख संस्थापक हुनु, ध्यानकुटी विहार स्थापना गरी त्यही वृद्धाश्रम र बालआश्रम स्थापना गरिएको आदिबाट उहाँलाई उपत्यका एवं उपत्यकाबाहिर पनि त्यतिकै श्रद्धेय व्यक्ति भई सम्मान पाउनुभएको छ ।

उहाँकै सहयोग लिई युवा बौद्ध समूहले ५,६ वर्ष अगाडी कयौं स्थानहरूमा बौद्धजागरण प्रशिक्षणशिविर संचालन गर्नुको साथै



Downloaded from http://www.dhamma.digital

केही स्थानहरूमा बौद्धजागरण चैत्यसमेत पनि निर्माण सम्पन्न गरिएको थियो । जस्मा ललितपुरको नलु गा.वि.स. र सप्तरीको मट्टीगढा प्रसवनीमा त उहाँकै तर्फबाट चैत्य शिलान्यास एवं उद्घाटन समेत गरिसकेको थियो । भिक्षु अश्वघोष महास्थविरले धर्मोदय सभाका केन्द्रीय अध्यक्ष्य (वि.सं. २०५९-६२) को भार पनि बहन गरिसक्नुभएको थियो ।

हाल आएर, "ज्ञानमाला भजन खल: स्वयम्भू" को तर्फबाट सर्वप्रथम "ज्ञानमाला रत्नबत सिरपा:" पाउनु भइसकेका (४ माघ २०५१ का दिन) आफ्ना धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरको प्रव्रजित वर्ष ६० पूर्ण भएको उपलक्ष्यमा उहाँको सम्मानमा "युवा बौद्ध समूह" ले वर्षदिनभर अनेक कार्यक्रमहरू राखी सम्पन्न गरेबाट पुन: एकपटक उहाँको योगदानलाई स्मरण गर्न टेवा मिल्न गएको छ ।

अन्तमा यसपंक्तिका लेखकलाई पूज्य भिक्षु अश्वघोष महास्थविर को विशेष सम्मान (अभिनन्दन) को क्रममा उहाँको बारे केही चर्चा गर्ने अवसर दिएको मा "युवा बौद्ध समूह" पनि धन्यवादको पात्र रहेको छ  साथै पूज्यवर भन्तेको प्रव्रजित वर्षको "हीरकदिवस" पनि मनाउन पाउने आशा राख्दै उहाँलाई सुस्वास्थ्य प्राप्त भइरहोस् भन्ने कामना गर्दछु ।



Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोष महास्थविले बिताउनुभएको वर्षावास

| | | |
|---|---|---|
| जन्म | - | ३१ जेष्ठ १९८४ वि.सं., ओकुबाहाल, ललितपुर |
| पिता | - | चन्द्रज्योति शाक्य (वि.सं. १९४०-२०२९) |
| माता | - | लक्ष्मीमाया शाक्य (वि.सं. १९५१-२००९) |
| प्रव्रज्या | - | पौष २००० वि.सं. (जनवरी, १९४४ ई.) बुद्धपरिनिर्वाणस्थल-कुशीनगर (उ.प्र. भारत) |
| प्रव्रज्यागुरु | - | भिक्षु ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) |
| उपसम्पदा | - | १ मई १९४९ तदनुसार १९ वैशाख २००६ मातर-दक्षिण श्रीलंका महामातिन्द परिवेण |
| उपाध्यायगुरु | - | भिक्षु धर्मकीर्ति श्री धम्मावास नायक महास्थविर (सन् १८८८-१९४९) |

## वर्षावासतालिका

| संख्या | स्थान | | साल |
|---|---|---|---|
| (१-३) | महामन्तिन्दपरिवेण, मातर, श्रीलंका | - | २००६-०८ |
| (४-१०) | सारनाथ-वाराणसी, भारत | - | २००९-१५ |
| (११-१२) | पेकिङ्ग स्वास्थ्यनिवास, चीन | - | २०१६-१७ |
| (१३-२४) | आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं | - | २०१८-२९ |
| (२५-५५) | ध्यानकुटी विहार, संघाराम विहार, श्रीघः विहार ३ वटा विहारमा आलोपालो भने जस्तो गरी | - | २०३०-६० |

कैफियत :वि.सं. २०३२ साल आनन्दकुटी विहार ।

वि.सं. २०६१ सालमा वर्षावास अधिष्ठान गर्नुभएन ।

वि.सं. २०६२ साल - श्रीघः विहार ।



Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोष महास्थविरका प्रकाशित पुस्कहरू

## नेपालभाषा

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति
३. तथागतहृदय
४. दश संयोजन
५. त्याग
६. भिक्षुया पत्र, भाग १,२
७. बौद्धशिक्षा
८. पेकिङ्ग स्वास्थ्यनिवास
९. न्हापांयाम्ह गुरु सु ?
१०. हृदय परिवर्तन
११. बौद्धध्यान, भाग १,२
१२. बाखं, भाग १-६
१३. बोधिसत्त्व
१४. मां-बौ लुमन
१५. बाखंया फल, भाग १,२
१६. धम्मचक्कपवत्तनसुत्त
१७. क्षान्ति व मैत्री
१८. मूर्खम्ह पासा मज्यू
१९. श्रमण नारद (अनुवाद)
२०. ईर्ष्या व शंका
२१. चमत्कार
२२. चरित्रपुच: भाग - १,२
२३. योगीया चिट्ठी



Downloaded from http://www.dhamma.digital

२४. पालिप्रवेश, भाग १,२
२५. धर्म मसीनि
२६. पालिरचना
२७. परोपकारी रूपावती
२८. सर्वज्ञ, भाग - १,२
२९. दान
३०. भिक्षुजीवन
३१. भिंम्ह मचा
३२. बुद्धया व्यावहारिक पक्ष धर्म
३३. विवेक बुद्धि (सम्पादन)
३४. शिक्षा, भाग - १-५
३५. बुद्ध व शिक्षा
३६. धम्मपद व्याख्या १
३७. धम्मपदया बाखं
३८. व्यावहारिक प्रज्ञा
३९. बौद्ध नैतिक शिक्षा
४०. झिगू बन्धन
४१. दीर्घायु जुइमा
४२. ज्ञानमार्ग, भाग - १,२
४३. मनू म्हसिकेगु गय् ?
४४. संस्कृति
४५. बुद्धया करुणा व ब्रम्हदण्ड
४६. कर्म व कर्मफल
४७. धर्मया ज्ञान
४८. अमूल्यगु धन
४९. अमृतदान



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोष महास्थविरका प्रकाशित पुस्तकहरू

## नेपालीभाषा

१. नेपाल चीन मैत्री
२. बुद्धवाद
३. बौद्धदर्शन
४. बुद्ध र व्यावहारिक धर्म
५. पञ्चशील
६. शान्ति
७. नारीहृदय
८. बौद्धध्यान
९. पेकिङ्ग स्वास्थ्यनिवास
१०. बौद्धसंस्कार
११. बुद्धको विचारधारा
१२. निरोगी
१३. बौद्धजगत्मा स्वास्थ्यसेवा
१४. मैले बुझेको बुद्धधर्म
१५. बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय
१६. बौद्धनैतिक शिक्षा
१७. बौद्धज्ञान
१८. धर्मचिन्तन
१९. सम्यक् शिक्षा, भाग १-३
२० आर्यसंस्कृति
२१. आर्यशील र आर्यमार्ग



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital


२२. निन्दाबाट बच्ने कोही छैन
२३. क्षान्ति र मैत्री
२४. बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२५. नारीहरूमा पनि बुद्धि छ
२६. बुद्धकालीन संस्कृति
२७. बुद्धकालीन संस्कृति र परिस्थिति
२८. पहिलो गुरु को हुन् ?
२९. बुद्धको संस्कृति र महत्त्व
३०. धर्म र हृदय
३१. बोधकथा र बौद्धचरित्र
३२. २१ औं शताब्दीमा बुद्ध-धर्म
३३. भिक्षुजीवन
३४. बुद्धको जीवनोपयोगी शिक्षा
३५. चित्त शुद्ध भए जीवन उज्ज्वल हुने छ
३६. धर्म जीवन जिउने कला
३७. नक्कली देवता
३८. आमा बुबाको सेवा
३९. समाजको लागि बुद्धको शिक्षा
४०. मानिसलाई असल बनाउने बुद्धशिक्षा

## अंग्रेजी

1. The Life of a Monk



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital



# भिक्षु अश्वघोष महास्थविरका केही कथनहरू

१. झी नेपालीतय् विदेशी बुद्ध  हइगु मय: । तर भृकुती मयजुं कोसया रुपय् ल्हासाय् बुद्धमूर्ति यंकूगु घा:सा गौरव ता: । नेपाली कलाकार (अरनिको) चीनया राजधानी पेकीङ शहरया दथुइ नेपाली कला कथं चैत्य दयेका: (चीबा: दयेका) त:गु घा:सा बांला ता:, य: ता: ।

· आनन्दभूमि, वर्ष ८, अंक ८

२. जिं थुथे विपश्यना ध्यान अभ्यास यानाथे थ:गु चित्त यकाग्र यानाथे शुद्ध यानायंकेगु, मेपिंत मछिनिगु ज्या मयायेगु, थ:म्हं धइथें हे जक ज्या यायेमा: धका: जिद्दि मयायेगु, लाभ जुगु धन सदुपयोगु यायेगु । मुंकेगु मुंकेगु जक ध्यान मतयेगु, भिंगु ज्या यायेत नं जिके मन्यंसे यायेमज्यु धइगु मनोवृत्ति त्वतेगु, थ:गु दोष नं खंका यंकेगु यायेमा:थें च्वं ।

· आनन्दभूमि, वर्ष ९, अंक १

३. आजभोलि व्यक्तिको योग्यतालाई मुल्यांकन गर्दा व्यक्तिको चरित्र र गुणलाई भन्दा जांचमा पास गरेर प्राप्त भएको प्रमाणपत्रलाई मान्यता दिने चलन छ । त्यसैले होला, बुद्धधर्मको ज्ञान र योग्यतालाई भन्दा पढाइको दर्जालाई मान्यता दिन थालियो ।

· संघाराम, वर्ष ३, अंक २

४. तर्कमात्र गर्ने कर्त्तव्य पालन नगर्ने, आफ्नो स्वार्थमात्र पूरा गर्नेहरुसित प्रिय वचनले कुरा गर्न मलाई पटक्कै आउंदैन ।

· आर्यशील र आर्यमार्ग

५. खरानी फोहोर भएतापनि खरानीले माझ्दा भाडाहरु सफा हुने जस्तै, मैले लेखेका लेख र पुस्तकहरूबाट पाठकवर्गले केही ज्ञान हासिल गर्न सकेको खण्डमा म स्वयं सफल भएको ठान्छु ।

· नारीहरुमा पनि बुद्धि छ

Downloaded from http://www.dhamma.digital